मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ • अंक २०५ • २०८३ साल जेष्ठ ३० गते शनिबार • Saturday 13, June 2026 • सूर्योदय: बिहान ०५:१० बजे • सूर्यास्त: साँझ ०६:५८ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## बस पल्टँदा ८ जनाको ज्यान गयो

**मधेशदृष्टि**
**काभ्रे ।**
बनेपाबाट रोशी गाउँपालिकाको सुँगुरे जाँदै गरेको यात्रुवाहक बस दुर्घटना हुँदा ८ जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय काभ्रेले जनाएको छ ।
बा३ख ८३९८ नम्बरको बस शुक्रबार विपी राजमार्ग अन्तर्गत नमोबुद्ध नगरपालिका–२ बुच्चाकोटमा दुर्घटनामा परेको हो ।
दुर्घटनापछि स्थानीयवासी र सुरक्षाकर्मी उद्धार कार्यमा खटिएका छन् । घटनामा अन्य यात्रुहरू पनि घाइते भएको आशंका गरिएको भए पनि घाइतेको यकिन संख्या सार्वजनिक भएको छैन ।
मृतकहरूको पहिचान खुल्न बाँकी रहेको प्रहरीले जनाएको छ। दुर्घटनाको कारण पनि तत्काल खुल्न सकेको छैन ।

# नारायणी रंगशालालाई १५ करोड ५० लाख बजेट



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजमा रहेको लामो समयदेखि जीर्ण अवस्थामा पुगेको नारायणी रंगशाला को मर्मत, पुनर्निर्माण तथा स्तरोन्नतिका लागि सरकारले १५ करोड ५० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ।
पर्सा क्षेत्र नम्बर १ का सांसद हरि पन्तका अनुसार आगामी आर्थिक वर्षको बजेटमार्फत खेलकुद मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय तथा सम्बन्धित निकायबाट विभिन्न शीर्षकमा रकम छुट्याइएको हो । यसअनुसार खेलकुद मन्त्रालयमार्फत ७ करोड ५० लाख रुपैयाँ रंगशालाको थप स्तरोन्नतिका लागि विनियोजन गरिएको छ भने निर्माणाधीन नारायणी बहुउद्देश्यीय कभर्ड हलका लागि ५ करोड रुपैयाँ छुट्याइएको छ।
त्यस्तै, फ्लड लाइट जडानसहितका पूर्वाधार सुधारका लागि भौतिक पूर्वाधार विकास मन्त्रालयले थप ३ करोड रुपैयाँ विनियोजन गरेको छ । यसअघि पनि चालु आर्थिक वर्षमा रंगशाला र कभर्ड हलका लागि करिब ४ करोड रुपैयाँ विनियोजन गरिएको थियो।
दशकौँदेखि स्तरोन्नति र मर्मतको प्रतीक्षामा रहेको यो रंगशाला देशकै दोस्रो ठूलो रंगशालाका रूपमा चिनिन्छ, तर लामो समयको बेवास्ताका कारण यसको संरचना जीर्ण बनेको छ।

# सिर्सियामा फालिएको फोहोरमा उद्योग मन्त्रालयको आपत्ति



**मधेशदृष्टि**
**वीरगंज।**
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले वीरगंजस्थित सरिसवा (सिर्सिया) नदी कोरिडोर क्षेत्रमा सञ्चालित उद्योगहरूबाट फोहोर पानी प्रशोधन नगरी वा मापदण्ड विपरीत नदी तथा खोलामा सिधै विसर्जन गरिएको विषयमा सरकरको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।
मन्त्रालयले बिहीबार प्रेस विज्ञप्ति जारी गर्दै सिर्सिया नदी प्रदूषण सम्बन्धी गुनासो तथा उजुरी विभिन्न माध्यमबाट प्राप्त भएको र सञ्चारमाध्यममा समेत समाचार प्रकाशित भएपछि विषयलाई गम्भीरतापूर्वक लिइएको जनाएको हो।
मन्त्रालयका अनुसार प्रचलित औद्योगिक तथा वातावरणीय कानुनअनुसार उद्योग दर्ता, क्षमता विस्तार तथा वातावरणीय अध्ययन प्रतिवेदन (आईईई÷ईआईए) स्वीकृत गर्दा उद्योगहरूले उत्पादन प्रक्रिया तथा अन्य गतिविधिबाट उत्पन्न हुने फोहोर पानी व्यवस्थापनका लागि आवश्यक फोहोर पानी प्रशोधन प्रणाली (ईटीपी) जडान गरी सञ्चालन गर्नुपर्ने व्यवस्था छ।
त्यस्तै, स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित वातावरणीय व्यवस्थापन योजना (ईएमपी) अन्तर्गतका प्रदूषण न्यूनीकरणका उपायहरूको प्रभावकारी कार्यान्वयन गर्दै नेपाल सरकारले निर्धारण गरेको मापदण्डअनुसार फोहोर पानी प्रशोधन गरी मात्र विसर्जन गर्नुपर्ने कानुनी दायित्व रहेको मन्त्रालयले स्मरण गराएको छ।
मन्त्रालयका प्रवक्ता नेत्रप्रसाद सुवेदीद्वारा जारी विज्ञप्तिमा उद्योग विभागले सम्बन्धित उद्योगहरूलाई औद्योगिक तथा वातावरणीय मापदण्डको पूर्ण पालना गर्न निरन्तर निर्देशन दिँदै आएको उल्लेख छ।

# २५ वर्षदेखि शान्ति पीडित: न अपराधी भेटिए न न्याय पाइयो



**मधेशदृष्टि**
**महोत्तरी।**
महोत्तरीको इतिहासमा कालो अक्षरले लेखिएको एक जघन्य अपराधको घटना भएको २५ वर्ष बितिसकेको छ । तर पीडित शान्ती साह अझै पनि न्यायको पर्खाइमै छिन् । सामूहिक बलात्कार, शारीरिक तथा मानसिक यातना, सन्तान गुमाउनुको पीडा र सामाजिक विभेद सहँदै आएकी शान्तीको जीवन संघर्षको पर्याय बनेको छ।
वि.सं. २०५८ साल साउन १ गते राति महोत्तरीको बर्दिबासमा शान्ती साह आफ्नो परिवारसँग घरमै निदाइरहेकी थिइन् । मध्यराति करिब १२ बजेतिर ६–७ जना हतियारधारी व्यक्तिहरू घरभित्र प्रवेश गरी उनलाई जबर्जस्ती अपहरण गरेर नजिकैको जंगलमा लगेका थिए। त्यहाँ उनीमाथि सामूहिक बलात्कार गरियो र निर्मम यातना दिइयो। अपराधीहरूले मृत ठानेर उनलाई जंगलमै छाडेर फरार भएका थिए।
घटनाको भोलिपल्ट गाई चराउन गएका स्थानीयले शान्तीलाई निर्वस्त्र तथा अचेत अवस्थामा फेला पारेका थिए। परिवारजनले तत्काल उपचारका लागि जनकपुरधामस्थित अस्पताल पु¥याएपछि थप उपचारका लागि काठमाडौं लगिएको थियो।
तर पीडाको श्रृंखला त्यतिमै रोकिएन । काठमाडौंस्थित शिक्षण अस्पतालमा उपचाररत रहँदा उनको दुई वर्षीय छोरा रहस्यमय रूपमा हराएको

बाँकी पृष्ठ ३ मा

# दीपक भट्ट, शेखर गोल्छा र सुलभ अग्रवालसहित ३९ जनाविरुद्ध मुद्दा दर्ता



**मधेशदृष्टि**
**काठमाडौँ।**
सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) सम्बन्धी मुद्दामा व्यवसायी दीपक भट्ट, शुलभ अग्रवाल र शेखर गोल्छासहित ३९ जना प्रतिवादीविरुद्ध विशेष अदालतमा मुद्दा दर्ता भएको छ।
३४ जना व्यक्ति र पाँच कम्पनीलाई प्रतिवादी बनाउँदै शुक्रबार विशेष अदालतमा मुद्दा दर्ता गरिएको हो।
मुद्दामा प्रतिवादी दीपक भट्टविरुद्ध २६ अर्ब ६३ करोड २७ लाख ७१ हजार ५९ रुपैयाँ ६८ पैसा बराबरको बिगो दाबी गरिएको छ । यस्तै, शुलभ अग्रवालविरुद्ध २५ अर्ब ५९ करोड २० लाख ६ हजार १२४ रुपैयाँ ३१ पैसा बराबरको बिगो मागदाबी गरिएको छ।
त्यसैगरी, शेखर गोल्छाविरुद्ध ५२ करोड ५० लाख बराबरको बिगो दाबी गरिएको छ।
मुद्दामा अवैध रूपमा आर्जित सम्पत्तिको स्रोत नखुलेको तथा आर्थिक कारोबारमा अनियमितता देखिएको आरोप लगाइएको छ।

# कमला पुललाई बजेट नछुट्याएकामा प्रदेशसभा अगाडि प्रदर्शन



**मधेशदृष्टि**
**जनकपुरधाम।**
हुलाकी राजमार्गअन्तर्गत सिरहा र धनुषा जिल्लालाई जोड्ने कमला पुल निर्माणका लागि आगामी आर्थिक वर्षको बजेटमा रकम विनियोजन नगरिएको भन्दै स्थानीयवासीले मधेश प्रदेशसभा अगाडि विरोध प्रदर्शन गरेका छन्।
कमला पुल निर्माण संघर्ष समितिको आह्वानमा भेला भएका स्थानीयले प्रदेशसभा परिसर नजिकै टायर बालेर सरकारविरुद्ध प्रदर्शन गरेका हुन्। उनीहरूले पुल निर्माणमा निरन्तर बेवास्ता गरिएको आरोप लगाउँदै तत्काल बजेट सुनिश्चित गर्न माग गरेका छन्।
प्रदर्शनका क्रममा सहभागीहरूले 'झुटा आश्वासन चाहिँदैन', 'मनोमानी चल्दैन', 'नयाँ कमला पुल निर्माण गर' लगायतका नारा लगाएका थिए। उनीहरूले प्रदेश सरकारका मुख्यमन्त्री, अर्थमन्त्री तथा भौतिक पूर्वाधार विकास मन्त्रीप्रति समेत असन्तुष्टि जनाउँदै नाराबाजी गरेका थिए।
आन्दोलनकारीहरूको भनाइमा प्रदेश सरकारले सार्वजनिक गरेको आगामी आर्थिक वर्षको बजेटमा कमला पुल निर्माणका लागि कुनै व्यवस्था नगरेपछि विरोधमा उत्रिनुपरेको हो । उनीहरूले उक्त पुल क्षेत्रीय यातायात र आर्थिक गतिविधिका लागि अत्यन्त महत्वपूर्ण भएकाले निर्माण कार्यलाई प्राथमिकतामा राख्नुपर्ने बताएका छन्।
यसअघि पनि संघर्ष समितिले संघीय सरकारले ल्याएको बजेटमा समेत कमला पुलका लागि रकम विनियोजन नगरिएको भन्दै प्रदेशसभा अगाडि प्रदर्शन गरेको थियो । स्थानीयले दुवै तहका सरकारले पुल निर्माणको विषयमा बेवास्ता गरेको आरोप लगाएका छन्।

# फेसबुक, इन्स्टाग्राम र थ्रेड्समा विश्वव्यापी अवरोध

**काठमाडौँ।**
सामाजिक सञ्जाल प्लेटफर्म फेसबुकमा शुक्रबार अचानक प्राविधिक समस्या देखिएपछि विश्वभरका लाखौँ प्रयोगकर्ताले सेवा प्रयोग गर्न कठिनाइ भोगेका छन् । फेसबुकमा पहुँच नहुने, सामग्री लोड नहुने तथा लगइनसम्बन्धी समस्या देखिएको भन्दै प्रयोगकर्ताहरूले गुनासो गरेका छन्।
सेवा अवरुद्ध भएपछि समस्या निगरानी गर्ने वेबसाइट डाउन डिटेक्टर मा एकैपटक ठूलो संख्यामा गुनासो दर्ता भएका थिए।
अत्यधिक ट्राफिकका कारण उक्त वेबसाइटसमेत केही समय प्रभावित भएको जनाइएको छ।
प्रारम्भिक विवरणअनुसार फेसबुकको मातृ कम्पनी मेटाअन्तर्गत सञ्चालित इन्स्टाग्राम र थ्रेड्समा पनि समान प्रकारका समस्या देखिएका छन्।
यसले समस्या फेसबुकमा मात्र सीमित नभई मेटाको समग्र सेवा प्रणालीसँग सम्बन्धित हुन सक्ने अनुमान गरिएको छ।
स्थानीय समयअनुसार बिहान ७:३० बजेसम्म डाउन डिटेक्टरमा ४० हजारभन्दा बढी समस्या सम्बन्धी प्रतिवेदन दर्ता भएका छन्। यद्यपि, सेवा अवरुद्ध हुनुको कारण र सेवा पूर्ण रूपमा कहिले सञ्चालनमा फर्किने भन्ने विषयमा मेटाले आधिकारिक जानकारी सार्वजनिक गरेको छैन।
यसबीच सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले अन्य प्लेटफर्ममार्फत फेसबुक, इन्स्टाग्राम र थ्रेड्समा देखिएको समस्याबारे जानकारी आदानप्रदान गरिरहेका छन्।
मेटाका सेवाहरूमा यस प्रकारको व्यापक अवरोध विरलै देखिने भएकाले प्राविधिक क्षेत्रका जानकारहरूले यसलाई महत्त्वपूर्ण प्रणालीगत समस्या हुन सक्ने बताएका छन् । सेवा पुनः सञ्चालनमा आएपछि थप विवरण सार्वजनिक हुने अपेक्षा गरिएको छ। राति ८ बजेपछि सेवा सुचारु भएको छ।

# कर्जा भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८३/०२/३० गते, मधेश दृष्टि, राष्ट्रिय दैनिक**

यस **विजय लघुवित्त वित्तीय संस्था लि.**को विभिन्न शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिनु भएको कर्जाको साँवा र ब्याज रकम शर्त बमोजिम यस वित्तीय संस्थामा समयमै दाखिला गर्नुपर्नेमा हालसम्म नतिरी/नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकिता गर्दा समेत बक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले कर्जा भुक्तान गर्ने बारे यो **३५ (पैंतीस)** दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिन भित्र यस वित्तीय संस्थामा सम्पर्क राखी संस्थालाई तिर्न/बुझाउनु पर्ने बाँकी ऋणको साँवा र ब्याज भुक्तान गर्नुहुन सम्बन्धित ऋणीलाई यसै सूचना मार्फत सूचीत गरिन्छ । अन्यथा उपरोक्त तोकिएको म्याद भित्र वित्तीय संस्थालाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा यस वित्तीय संस्थाको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजाय ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८ र सो को नियमावली २०५९ एवं प्रचलित कानून बमोजिम र यस वित्तीय संस्था बीच भएका लिखतको शर्त अनुसार यस वित्तीय संस्थाको लिन बाँकी रकम असुल उपर गर्ने तर्फ आवश्यक कारबाही गर्न सकिने साथै ऋणीलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा सुचीकृत गरिने छ । धितो सुरक्षण मार्फत कर्जा लिएको भए धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असुल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम कानुनी कारबाहीको प्रक्रिया थालनी गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी महानुभावहरूलाई यसै सूचनाद्वारा जानकारी गराउंदछौं ।

कम्पनी रजिष्ट्रार द.नं. १०८१/०६५/०६६ ने.रा.बैंक/इ.प्रा./घ/२६/०६९/०७०

## विजय लघुवित्त वित्तीय संस्था लि.
## Vijaya Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट घ वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था (राष्ट्रिय स्तर)
*Banking With Happiness*

केन्द्रीय कार्यालय : धुलिखेल ३, काभ्रेपलान्चोक
फोन नं : ०११-४९०६७१ / ०११-४९०६७२
E-mail: vlbs@vlbs.com.np
Website: https://vlbs.com.np

| क्र.स | कर्जा रहेको शाखा | ऋणीहरुको नाम | ठेगाना | | नागरिकताको बिवरण | | | तिन पुस्ते विवण | | | जमानीकर्ताको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थायी | हालको | ना. प्र. नं | जारी मिति | जिल्ला | पति/पत्नीको नाम | बाबुको नाम | बाजेको नाम/ससुराको नाम | |
| १ | लंगडी | सुनैना देवी दास तत्वा | धोरे-८, पर्सा | पकहामैनपुर-१, पर्सा | २०३३ | २०६६/०५/१४ | पर्सा | सुकदेव दास तत्वा | रामनाथ दास तत्वा | /रामकृपाल दास | सुकदेव दास तत्वा |
| २ | लंगडी | अनिता चौहान | धोरे-८, पर्सा | पकहामैनपुर-१, पर्सा | ३४३०२७/५१ | २०७०/०२/१९ | पर्सा | गोपाल प्रसाद चौहान | चन्द्रदेव महतो चाई | /राधा महतो चाई | गोपाल प्रसाद चौहान |
| ३ | लंगडी | सिता देवी | सबैठवा-४, पर्सा | पकहामैनपुर-५, पर्सा | ३४-०१-७०-०५२४९ | २०७०/०४/०७ | पर्सा | रामबली हजारा दुसाध | छोटेलाल हजरा | /सुनरमन हजरा दुसाध | रामबली हजारा दुसाध |
| ४ | लंगडी | कुसुम तारा खातुन | सबैठवा-४, पर्सा | पकहामैनपुर-५, पर्सा | ३४३०६८/८० | २०६३/१२/१२ | पर्सा | रसिद मिया धुनिया | सरिफ मिया धुनिया | /अलि मिया धुनिया | रसिद मिया धुनिया |
| ५ | लंगडी | अमविका देवी गिरी | मसिहानी -४, पर्सा | जगरनाथपुर-५, पर्सा | ९३६९ | २०६८/०२/१८ | पर्सा | कैलास गिरी | मुकुर्धन गिरी | /वावुलाल गिरी | कैलास गिरी |
| ६ | लंगडी | सैदा खातुन | धोरे-१, पर्सा | पकहामैनपुर-१, पर्सा | ३४-०१-७४-०५७७७ | २०७४/०४/१९ | पर्सा | अब्दुल देवान | वादु देवान | /रहिम देवान | अब्दुल देवान |
| ७ | लंगडी | सिमा देवी चौहान | धोरे-८, पर्सा | पकहामैनपुर-१, पर्सा | ३४-०१-६९-०५७५० | २०६९/११/१३ | पर्सा | श्याम प्रसाद चौहान | नन्दकिशोर चाई | /गमहिरा प्रसाद चौहान | श्याम प्रसाद चौहान |
| ८ | लंगडी | आफसाना खातुन | धोरे-१, पर्सा | पकहामैनपुर-१, पर्सा | ३४-०१-७५-०००९८ | २०७५/०१/०४ | पर्सा | हसन साह | मुखतार देवान | /लैस देवान साह | हसन साह |
| ९ | लंगडी | सिता देवी दास | धोरे-८, पर्सा | पकहामैनपुर-१, पर्सा | ३४-०१-७१-०१७४१ | २०७१/०२/२१ | पर्सा | रुदल दास | फेकु दास तत्वा | /राजदेव दास तत्वा | रुदल दास |
| १० | लंगडी | मिनी देवी | धोरे-८, पर्सा | पकहामैनपुर-१, पर्सा | ३४-०१-७४-०६९०८ | २०७४/०५/११ | पर्सा | मनोज सहनी मलाह | बली सहनी | /रामयन्दु सहनी | मनोज सहनी मलाह |
| ११ | लंगडी | बबिता देवी | धोरे-८, पर्सा | पकहामैनपुर-१, पर्सा | ३४-०१-७४-०७५५२ | २०७४/०५/२५ | पर्सा | जगरनाथ प्रसाद चौहान | सुभाष महतो | /जगरनाथ प्रसाद चौहान | सुनिल प्रसाद चौहान |
| १२ | लंगडी | कलावती देवी | धोरे-८, पर्सा | पकहामैनपुर-१, पर्सा | ३४-०१-७४-०४१३५ | २०७४/०४/०२ | पर्सा | रामनारायण प्रसाद चौहान | खोभारी महतो चाई | /रभिचरण महतो | रामनारायण प्रसाद चौहान |
| १३ | लंगडी | बिन्दु देवी | धोरे-८, पर्सा | पकहामैनपुर-१, पर्सा | ३४-०१-७४-१२९३४ | २०७४/१०/०७ | पर्सा | राम बहादुर प्रसाद चौहान | जग महतो चाई | /कैलाश महतो चाई | इन्तु कुमारी चौहान |
| १४ | लंगडी | वविता कुमारी | धोरे-१, पर्सा | पकहामैनपुर-१, पर्सा | ३४-०१-७४-०३८२६ | २०७४/०३/२५ | पर्सा | जोखन साह तेली | रामनाथ सा तेली | /भोला साह तेली | जोखन साह तेली |
| १५ | लंगडी | अमुनेशा खातुन साह | धोरे-१, पर्सा | पकहामैनपुर-१, पर्सा | ३४-०१-७३-०१०२४ | २०७३/०१/२६ | पर्सा | मोलाजिम शाह | ईशा देवान | /लैस देवान साह | मोलाजिम शाह |
| १६ | सुवर्णपुर | सोहनी देवी थरुनी | पटेर्वा सुगौली-४, पर्सा | जिराभवानी-१, पिप्रा, पर्सा | ९०६०१५४६ | २०४५/०१/२१ | पर्सा | शंकर दास थारु | बालदेव राय | /जंगली दास थारु | शंकर दास थारु |
| १७ | सुवर्णपुर | भुईली देवी मुसहरीन | पटेर्वा सुगौली-१, पर्सा | पटेर्वा सुगौली-४, अकवा, पर्सा | ९०६०२२३४ | २०६१/०२/३१ | पर्सा | पलट माझी मुसहर | चोकट माझी मुसहर | /लक्ष्मण माझी मुसहर | पलट माझी मुसहर |
| १८ | सुवर्णपुर | महेश राउत अहिर | जानकीटोला-७, पर्सा | जगरनाथपुर-२, पाण्डेपुर, पर्सा | ३९७२१२१४ | २०४५/०२/१२ | पर्सा | मुर्ती देवी | जोगी राउत अहिर | /जगोधर यादव | मुर्ती देवी |
| १९ | सुवर्णपुर | शनिचरी देवी | सेढवा-७, पर्सा | जिराभवानी-२, सेढवा, पर्सा | ५०१४ | २०६७/०३/०१ | पर्सा | नागेन्द्र महरा चमार | बिन्दा महरा | /पुरन महरा चमार | नागेन्द्र महरा चमार |
| २० | सुवर्णपुर | चानजोती देवी | सेढवा-७, पर्सा | जिराभवानी-३, जितपुर, पर्सा | ३४१०४१/५५७ | २०६८/११/१७ | पर्सा | संतोष प्रसाद साह तुरहा | बाला सा तुरहा | /रामचन्द्र साह तुरहा | उर्मिला देवी |
| २१ | सुवर्णपुर | भगौडी देवी | पटेर्वा सुगौली-४, पर्सा | पटेर्वा सुगौली-४, सुगौली, पर्सा | ९२/९०६०१८३ | २०४५/०२/०६ | पर्सा | पहुनवा माझी | | /महादेव माझी मुसहर | धरमराज माझी मुसहर |
| २२ | सुवर्णपुर | रन्जु देवी | पटेर्वा सुगौली-७, पर्सा | पटेर्वा सुगौली-४, सुगौली, पर्सा | ३४१०६०/६६ | २०६५/०३/१५ | पर्सा | कृष्ण फैदार थारु | रुपन महतो थारु | /भगन फैदार | कृष्ण फैदार थारु |
| २३ | सुवर्णपुर | रिता देवी थरुनी | सेढवा-६, पर्सा | जिराभवानी-२, सेढवा, पर्सा | ३४१०७१/५३ | २०६३/१०/०३ | पर्सा | हरि दास थारु | शंकर दास थारु | /रामपृत दास थारु | हरि दास थारु |
| २४ | सुवर्णपुर | सरोज देवी | जिराभवानी-३, पर्सा | जिराभवानी-२, सेढवा, पर्सा | ३४(०१(७५(०१८३१ | २०७५/०२/१० | पर्सा | रंजित मुखिया बिन | बिनोद मुखिया बिन | /किसुनदेव मुखिया | जिमदार हजरा दुसाद |
| २५ | सुवर्णपुर | पार्वती देवी | जिराभवानी-५, पर्सा | जिराभवानी-५, सखुबनिया, पर्सा | ३४(०२(७५(११६२६ | २०७५/११/१३ | पर्सा | बलिराम माझी मुसहर | मोहन माझी मुसहर | /भगन माझी मुसहर | बासमती देवी |
| २६ | सुवर्णपुर | नुरनामा खातुन | पटेर्वा सुगौली-५, पर्सा | पटेर्वा सुगौली-५, निचुटा, पर्सा | ३४(०१(७४(००४५७ | २०७४/०९/०९ | पर्सा | सकिल अखतर | मा. सफुरदीन मिया | /ईसा महम्द | सकिल अखतर |
| २७ | सुवर्णपुर | बचु देवी | सोनवर्षा-५, पर्सा | पटेर्वा सुगौली-३, सुगौली, पर्सा | ३४३०७४/३०३ | २०६३/१२/३० | पर्सा | हिरालाल सहनी | प्रेमी सहनी | /सरजुग सहनी | सुनौना देवी |
| २८ | सुवर्णपुर | शारदा देवी | सोनवर्षा-५, पर्सा | पटेर्वा सुगौली-१, सुगौली, पर्सा | ८७४५ | २०६८/०१/१५ | पर्सा | नन्दु चौधरी | भरत चौधरी | /सिताराम चौधरी | कनहिया चौधरी |
| २९ | सुवर्णपुर | जोखनी देवी | सोनवर्षा-५, पर्सा | पटेर्वा सुगौली-१, सुगौली, पर्सा | ३४(०१(६९(०३३६७ | २०६९/०८/२१ | पर्सा | रामराज सहनी मलाह | साधु सहनी गोढ | /कुजां सहनी मलाह | रामराज सहनी मलाह |
| ३० | सुवर्णपुर | श्रीमतिया देवी | सोनवर्षा-४, पर्सा | पटेर्वा सुगौली-३, सुगौली, पर्सा | ३४(०१(७०(०३९५५ | २०७०/०३/०९ | पर्सा | महादेव मुखिया | राजेन्द्र मुखिया बिन | /शंकर मुखिया बिन | महादेव मुखिया |
| ३१ | सुवर्णपुर | लालसा देवी | पटेर्वा सुगौली-३, पर्सा | पटेर्वा सुगौली-३, सुगौली, पर्सा | ३४(०१(७४(०९५६९ | २०७४/०७/२१ | पर्सा | अर्जुन राउत कंकर | तरकेश्वर राउत | /कमल राउत कंकर | अर्जुन राउत कंकर |
| ३२ | सुवर्णपुर | सुनिता देवी | जिराभवानी-१पिप्रा, पर्सा | जिराभवानी-१, पिप्रा, पर्सा | १०००७१ | २०७७/०५/११ | पर्सा | हिरालाल यादव | सोसिल यादव | /ईनर राउत अहिर | हिरालाल यादव |
| ३३ | सुवर्णपुर | गिर्जा देवी दुसादीन | जितपुर-२, पर्सा | जिराभवानी-३, जितपुर, पर्सा | ३४३०४१/१०१ | २०६३/१२/१५ | पर्सा | ठग हजरा दुसाद | बन्हु हजरा | /शिवमंगल हजरा दुसाद | ठग हजरा |
| ३४ | सुवर्णपुर | ललिता देवी | सोनवर्षा-४, पर्सा | पटेर्वा सुगौली-४, सुगौली, पर्सा | ३४१०७४/६७५ | २०६८/०१/२६ | पर्सा | ठकुरी मलाह | असर्फी सहनी | /अवध मलाह | बिजय सहनी |
| ३५ | सुवर्णपुर | गिता देवी थरुनी | शंकरसरैया-२, पर्सा | जिराभवानी-५, शंकरसरैया, पर्सा | ७१/८४९३११२९ | २०४४/१२/२२ | पर्सा | शेषनाथ प्रसाद थारु | मथुरा कुवर | /जदुनन्दन राय थारु | शेषनाथ प्रसाद थारु |
| ३६ | सुवर्णपुर | श्रीमतिया देवी थरुनी | पटेर्वा सुगौली-७, पर्सा | पटेर्वा सुगौली-७, सुगौली, पर्सा | ३४३०६०/६१४ | २०६३/१०/१२ | पर्सा | शक्ति राज थारु | बिन्धलाचल भन्डारी | /विष्णु दास थारु | जिउती कुमारी |
| ३७ | सुवर्णपुर | नुरजहान खातुन | निचुटा-८, पर्सा | पटेर्वा सुगौली-५, निचुटा, पर्सा | ३४३०५६/३६४ | २०६३/११/२३ | पर्सा | सलिम मिया धुनिया | हनिफ मिया धुनिया | /मिराली मिया धुनिया | सलिम मिया धुनिया |
| ३८ | सुवर्णपुर | रिना देवी | सोनवर्षा-६, पर्सा | पटेर्वा सुगौली-१, मलाहीटोल, पर्सा | ३४३०७४/२९७ | २०६३/१२/२९ | पर्सा | आदेश साह कानु | रामराज साह कानु | /इनर साह कानु | आदेश साह कानु |
| ३९ | सुवर्णपुर | दिपती कुमारी | पटेर्वा सुगौली-२, पर्सा | पटेर्वा सुगौली-५, देउरीया, पर्सा | ११६/७०६६११५३ | २०४५/०२/०७ | पर्सा | भगन माझी | | /बुधन माझी मुसहर | भगन माझी |
| ४० | पकहा मैनपुर | राजकुमारी  देवी | पर्सौनी भाठा-२, पर्सा | बिन्दबासनी-४, पर्सौनी भाठ, पर्सा | ७०१०२०३१ | २०५४/०१/०८ | पर्सा | मुकुर धुम हजरा | बाबुलाल हजरा | /हिरामन  हजरा | मुकुर धुम हजरा |
| ४१ | पकहा मैनपुर | जागो देवी | पकहा मैनपुर-९, पर्सा | पकहा मैनपुर-१,मैनपुर पर्सा | ६८२८१४७३ | २०५४/०१/२५ | पर्सा | जितेन्द्र प्रसाद कुर्मी | शंकर राउत कुर्मी | /विरा राउत कुर्मी | जितेन्द्र प्रसाद कुर्मी |
| ४२ | पकहा मैनपुर | फुलपति दवी | धोरे-७, पर्सा | पकहा मैनपुर-१,धोरे, पर्सा | ३४१०२७/१ | २०७०/०२/१९ | पर्सा | रामपुकार सहनी | राम अशिष सहनी | /रामचन्द्र सहनी | रामपुकार सहनी |
| ४३ | पकहा मैनपुर | उषा देवी | सबैठवा-६, पर्सा | पकहा मैनपुर-५सबैठवा, पर्सा | ३४१०६८/१५ | २०६४/०२/२८ | पर्सा | रामबाबु साह तेली | फुलदेव साह तेली | /चोकट साह तेली | अमरेश साह तेली |
| ४४ | पकहा मैनपुर | देवकली देवी | सुर्याहा-६, पर्सा | सुर्याहा-६, पर्सा | ३४१०८०/३७ | २०६३/१२/२५ | पर्सा | बीरबल दास तत्वा | चौकी दास | /जनधारी दास | बीरबल दास तत्वा |
| ४५ | पकहा मैनपुर | अन्तिमा देवी तत्वा | प्रसौनी भाठा-६,पर्सा | बिन्दबासनी-५,पर्सौनी भाठ, पर्सा | ९०२६ | २०६५/०४/१३ | पर्सा | उगम दास तत्वा | राम कन्हाई दास तत्वा | /अनुप दास तत्वा | उगम दास तत्वा |
| ४६ | पकहा मैनपुर | फुलमती खातुन | प्रसौनी भाठा-६,पर्सा | बिन्दबासनी-५,पर्सौनी भाठ, पर्सा | ४३०७ | २०४६/०३/१५ | पर्सा | जमिर मिया जोलाहा | अलिजान मिया | /सलिम मिया जोल्हा | जमिर मिया जोलाहा |
| ४७ | पकहा मैनपुर | मीना देवी | प्रसौनी भाठा-६,पर्सा | बिन्दबासनी-५,पर्सौनी भाठ, पर्सा | ३४१०६३/२५३ | २०६६/०८/०२ | पर्सा | चन्द किशोर राउत | विजुली राउत कुर्मी | /सोहन राउत कुर्मी | चन्द किशोर राउत |
| ४८ | पकहा मैनपुर | रोगही देवी दुसादीन | प्रसौनी भाठा-६,पर्सा | बिन्दबासनी-५,पर्सौनी भाठ, पर्सा | ३४१०६३/३०३ | २०६७/०१/०७ | पर्सा | असै हजरा | शिवपुजन अजरा | /ढोडा हजरा | असै हजरा |
| ४९ | प्रसौनी | बिदया मुनी पटेल | प्रसौनी-१, बारा | प्रसौनी-१, बारा | २७४८ | २०५९/०१/०३ | बारा | नेम राज प्रसाद जैसवाल | राजधरी सिंह | /सत्य देव प्रसाद जैसवाल | नेम राज प्रसाद जैसवाल |
| ५० | प्रसौनी | श्रीकान्ति कुमारी | खुटवाजख्दी-८, बारा | प्रसौनी-४, बारा | ३३१०७६/८७२१ | २०६७/०८/२७ | बारा | बृजमोहन पुरी अतीथ | प्रेम गिरी | /रामदेव पुरी अतिथ | बृजमोहन पुरी अतीथ |
| ५१ | सिम्रौनगढ | पार्वती देवी | कचोर्वा-०२, बारा | सिम्रौनगढ-०९, बारा | ३३३००५/३५५७ | २०६३/११/१६ | बारा | महीन्द्र महतो नुनिया | देवनारायण महतो | /भिखारी महतो नुनिया | महीन्द्र महतो नुनिया |
| ५२ | सिम्रौनगढ | चम्पा देवी | कचोर्वा-०४, बारा | सिम्रौनगढ-०८, बारा | ३३३००५/९३१ | २०६३/११/१९ | बारा | श्री नारायण साह सोनार | रामदेव साह | /भिखारी साह | श्री नारायण साह सोनार |
| ५३ | सिम्रौनगढ | मधुरी कुमारी मुखिया | बौद्धिमाई-०७, रौतहट | बौद्धिमाई-०७, रौतहट | ३२-०१-७५-१०९२० | २०७५/११/०१ | रौतहट | लक्ष्मन मुखिया विन | सुकदेव मुखिया विन | /बालु मुखिया | लक्ष्मन मुखिया विन |
| ५४ | सिम्रौनगढ | सोरस्ती देवी | कचोर्वा-०१, बारा | सिम्रौनगढ-०९, बारा | ११५५ | २०४६/०२/२९ | बारा | जंगविर राय | गेना राय यादव | /धुवा राय यादव | जंगविर राय |
| ५५ | सिम्रौनगढ | रामा देवी | कचोर्वा-०४, बारा | सिम्रौनगढ-०८, बारा | ३३३००५/४४१८ | २०६३/११/२० | बारा | देवानन राम | दुःखा राम | /भोला राम | देवानन राम |
| ५६ | सिम्रौनगढ | सिता देवी | लक्ष्मीपुर कोतवाली-०९, बारा | आदैश कोतवाल-०८, बारा | ३२-०१-७१-०२२९२ | २०७१/०५/२५ | बारा | रुप नारायण राउत कुर्मी | सुखल राउत कुर्मी | /चतुरी राउत कुर्मी | रुप नारायण राउत कुर्मी |
| ५७ | सिम्रौनगढ | ललिता कुमारी तत्मा | अमृतगंज-०४, बारा | सिम्रौनगढ-०६, बारा | ३३२९६५/२९६५/१७०४६ | २०५५/०७/१५ | बारा | गौरी शंकर दास | दिनकर दास | /शुभ नारायण दास | गौरी शंकर दास |
| ५८ | सिम्रौनगढ | भरत प्रसाद यादव | हरिहरपुर-०१, बारा | सिम्रौनगढ-०७, बारा | २१२९/२५५८ | २०५७/११/१७ | बारा | कृष्णा कुमारी यालव | हीर्द राय यादव | सुरेन्द्र प्रसाद यादलव | कृष्णा कुमारी यालव |
| ५९ | सिम्रौनगढ | असलिता देवी | सिम्रौनगढ-०७, बारा | सिम्रौनगढ-०७, बारा | ३३३००८/१०१ | २०७०/०१/२२ | बारा | लगंट महतो नुनिया | देवेन्द्र महतो नुनिया | /सिवधारी महतो | लगंट महतो नुनिया |
| ६० | सिम्रौनगढ | सायरा खातुन | उचिडिह-०८, बारा | सिम्रौनगढ-०८, बारा | २२७५७ | २०६३/०७/२८ | बारा | मोजाहिर अंसारी | इसा महमद अंसारी | /वाजुल अंसारी | मोजाहिर अंसारी |
| ६१ | सिम्रौनगढ | गुलजार मिया अंसारी | विसुनपुर-०६, बारा | सिम्रौनगढ-०३, बारा | ९०२/०४६४ | २०४४/१२/०९ | बारा | लतिफन खातुन | लाल महमद मिया | गुलजार मिया अंसारी | लतिफन खातुन |
| ६२ | सिम्रौनगढ | करिसमा कुमारी देवी | इनर्वामाल-०१, बारा | आदर्श कोतवाल-०३, बारा | वि.द.१०५६ | २०७५/०७/१३ | बारा | राजकिशोर राय यादव | सरजुग राय यादव | /रामरुप राय यादव | कुमारी अहिरीन |
| ६३ | सिम्रौनगढ | राधीका देवी | अमृतगँज-०४, बारा | सिम्रौनगढ-०२, बारा | ३०८६/१७०४ | २०५८/०४/१७ | बारा | विश्वनाथ मुखिया विन | अच्छेलाल विन | /विजनन मुखिया | विश्वनाथ मुखिया विन |
| ६४ | सिम्रौनगढ | जानकी देवी | बेनौली-०१, बारा | पचरौता-०७, बारा | ३३३०४८-१३१३ | २०६३/१०/१६ | बारा | भिखारी सिंह जैसवार | झपसी राउत कुर्मि | /राम अश्रे सिंह जैसावार | भिखारी सिंह जैसवार |
| ६५ | सिम्रौनगढ | श्री पति देवी | अमृतगंज-०१, बारा | सिम्रौनगढ-०१, बारा | ३३३००२/४५३ | २०६३/११/०४ | बारा | मंशी मुखिया विन | कैलास मुखिया | /जोगीन्दर मुखिया विन | मंशी मुखिया विन |
| ६६ | सिम्रौनगढ | लाखो देवी | पकडिया-०९, बारा | पचरौता-०४, बारा | ३३-०१-७१-०३९३९ | २०७८/०८/०१ | बारा | झापस हजरा | लगन हजरा | /थारु हजरा दुसाद | झापस हजरा |
| ६७ | सिम्रौनगढ | सवित्री देवी कुशवाहा | पटेर्वा-०९, बारा | आदर्श कोतवाल-०६, बारा | ३३३०१२/५९३५ | २०६३/११/२६ | बारा | पवन कुमार कुशवाहा | महेन्द्र महतो | /हरेन्द्र प्रसाद कोइरी | पवन कुमार कुशवाहा |
| ६८ | सिम्रौनगढ | कृष्णा देवी कोईरी | पटेर्वा-०९, बारा | आदर्श कोतवाल-०६, बारा | ३३३०१२/३३३ | २०६३/११/२५ | बारा | अनिरुद्र महतो | दुर्गा महतो | /राम जीनीस महतो | अनिरुद्र महतो |
| ६९ | सिम्रौनगढ | नगेसरी देवी | पटेर्वा-०९, बारा | आदर्श कोतवाल-०६, बारा | ३३१०१२/२६४ | २०६९/०२/०२ | बारा | उपेन्द्र मुखिया बीन | कुलदिप मुखिया विन | /गणेश मुखिया विन | ललिता देवी मुखिया |
| ७० | सिम्रौनगढ | मुनी खातुन | काचोर्वा-०६, बारा | सिम्रौनगढ-०८, बारा | ३३३००५/४५२४ | २०६३/११/२५ | बारा | आशिक खाँ | नथुनी खाँ पैठान | /सफिद खाँ | संतोष कुमार यादव |
| ७१ | सिम्रौनगढ | मानमती देवी | पटेर्वा-०८, बारा | आदर्श कोतवाल-०६, बारा | ३३३०१२/६२४८ | २०६३/११/२५ | बारा | राम बहादुर महतो काइरी | कुवर महतो | /पल्टु महतो | कमलेश कुमार कुशवाहा |
| ७२ | सिम्रौनगढ | सिता देवी | पटेर्वा-०८, बारा | आदर्श कोतवाल-०६, बारा | ३३१०१२/४४६७ | २०७०/०२/०१ | बारा | राज वंशी कोइरी | रामरुप महतो | /जुगेश्वर कोइरी | राज वंशी कोइरी |
| ७३ | सिम्रौनगढ | उमिला राउत कुर्मी | श्रीनगर बैरिया-०८, बारा | पचरौता-०७, बारा | ३३३०२४/२४१ | २०७०/०२/२४ | बारा | उपेन्द्र राउत कुर्मि | बिरा राउत कुर्मि | /सत्यनारायण कुर्मि | उपेन्द्र राउत कुर्मि |
| ७४ | सिम्रौनगढ | मुस्कान देवी | अमृतगंज-०७, बारा | सिम्रौनगढ-०७, बारा | ३३३००२/१६६ | २०७०/०२/१५ | बारा | कन्हैया प्रसाद कुशवाहा | जागदेव महतो | /गोरख महतो कोईरी | कन्हैया प्रसाद कुशवाहा |
| ७५ | सिम्रौनगढ | जईबुन खातुन | सिम्रौनगढ-०५, बारा | सिम्रौनगढ-०५, बारा | ३३-०६-७६-००८४२ | २०७६/०५/१७ | बारा | ओसी महम्द अंसारी | नईम अंसारी | /मोल्वी मिया | ओसी महम्द अंसारी |
| ७६ | सिम्रौनगढ | राकेश कुमार कुशवाहा | पटेर्वा-०९, बारा | आदर्श कोतवाल-०६, बारा | १६५४६/२१६०/१२०८ | २०६२/०२/१८ | बारा | किरण देवी कुशवाहा | रामेश्वर प्रसाद कोईरी | रामबाबु महतो | किरण देवी कुशवाहा |
| ७७ | सिम्रौनगढ | राम नारायण महतो कोईरी | अमृतगंज-०८, बारा | सिम्रौनगढ-०१, बारा | १८८६/२८३४ | २०४४/१२/२२ | बारा | प्रभा देवी | महीचन महतो कोईरी | विवरण नभएको | प्रभा देवी |
| ७८ | सिम्रौनगढ | अमलेश कुमार कुशवाहा | अमृतगंज-०८, बारा | सिम्रौनगढ-०१, बारा | ६२८९/३१६४/३१३४ | २०५८/०९/२९ | बारा | सरोज कुमारी | गोपालजी प्रसाद कोईरी | राम खेलावन कुशवाहा | सरोज कुमारी |

नोटः ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरूको नाम ऋणी तथा जमानीकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको हो ।

# सरकारी विज्ञापन नीति विरुद्ध देशभरका सञ्चारकर्मीको दोश्रो दिन धर्ना




**मधेशदृष्टि**
**वीरगंज।**

सरकारी सूचना तथा विज्ञापन वितरणमा विभेदकारी निर्णय गरिएको विरोधमा पर्सासहित देशभरका सञ्चारकर्मीहरूले दोस्रो दिन पनि धर्ना कार्यक्रम जारी राखेका छन्।

नेपाल पत्रकार महासंघको आह्वानमा ७७ जिल्लामा एकसाथ सुरु गरिएको आन्दोलनअन्तर्गत पर्सामा पनि जिल्ला प्रशासन कार्यालय अगाडि बिहान ११ बजेदेखि १२ बजेसम्म एक घण्टा धर्ना दिइएको हो। कार्यक्रममा सहभागी सञ्चारकर्मीहरूले सरकार प्रेस स्वतन्त्रतामाथि हस्तक्षेप गर्दै निरंकुशतातर्फ अघि बढेको आरोप लगाएका छन्।

महासंघका केन्द्रीय सचिव अशोक तिवारीले निजी तथा सामुदायिक सञ्चारमाध्यममाथि प्रहार गरी जनताको आवाज दबाउने प्रयास भइरहेको आरोप लगाए।

उनले पत्रकारहरूको माग बेवास्ता गरिए आन्दोलन अझ सशक्त बनाइने चेतावनी दिए। त्यसैगरी महासंघका लेखा समिति संयोजक केशी लामिछानेले सरकारी विज्ञापन केवल सरकारी सञ्चारमाध्यमलाई दिने निर्णय अधिनायकवादी सोचको उदाहरण भएको टिप्पणी गर्दै संविधानले सुनिश्चित गरेको सञ्चारमाध्यम छनोटको अधिकारमाथि हस्तक्षेप भएको दाबी गरे।

सो अवसरमा नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष श्याम बञ्जारा, पर्सा शाखा अध्यक्ष ओमप्रकाश खनाल अगुवा सञ्चारकर्मीहरूले आ–आफ्नो धारणा राखेका थिए।

**आन्दोलनमा राष्ट्रिय मुक्ति पार्टीका समानीको ऐक्यबद्धता**

राष्ट्रिय मुक्ति पार्टीका सहमहासचिव नेजामुदिन समानीले पत्रकारहरूको आन्दोलनप्रति पूर्ण ऐक्यबद्धता जनाउँदै प्रेस स्वतन्त्रता, पत्रकार सुरक्षा तथा पेशागत अधिकारको संरक्षण लोकतन्त्र सुदृढीकरणका लागि अपरिहार्य रहेको बताएका छन्। शुक्रबार नेपाल पत्रकार महासंघको आह्वानमा जिल्ला प्रशासन कार्यालय पर्सा अगाडि आयोजित धर्ना कार्यक्रममा सहभागी हुँदै उनले पत्रकार आन्दोलनप्रति आफ्नो समर्थन र सहभागिता रहेको बताएका हुन्।

समानीले देशमा लोकतन्त्र, प्रेस स्वतन्त्रता, सुशासन तथा जनअधिकार स्थापनाका लागि भएका विभिन्न आन्दोलनहरूमा पत्रकारहरूले ऐतिहासिक भूमिका निर्वाह गरेको उल्लेख गरे। जनताको आवाज राज्यसम्म पु¥याउने, सत्य–तथ्य उजागर गर्ने तथा अन्याय, विभेद र भ्रष्टाचारविरुद्ध कलम चलाउने कार्यमा सञ्चारकर्मीहरूको योगदान अतुलनीय रहेको उनको भनाइ थियो।

उनले देशमा भएका राजनीतिक, सामाजिक तथा लोकतान्त्रिक परिवर्तनका हरेक चरणमा पत्रकारहरूको सक्रिय सहभागिता र बलिदान रहेको स्मरण गर्दै त्यसको सम्मान हुनुपर्ने बताए। 'आज पत्रकार साथीहरू आफ्ना पेशागत हक, अधिकार, सुरक्षा तथा प्रेस स्वतन्त्रताको संरक्षणका लागि आन्दोलनरत हुनुहुन्छ। उहाँहरूका जायज मागहरू लोकतन्त्रलाई अझ बलियो बनाउने विषयसँग जोडिएका छन्," सम्मानीले भने, "स्वतन्त्र, निष्पक्ष र जिम्मेवार पत्रकारिता बिना लोकतन्त्रको सुदृढीकरण सम्भव छैन।' उनले पत्रकारहरूको सम्मान, सुरक्षा र अधिकार सुनिश्चित गर्न राज्य गम्भीर हुनुपर्ने धारणा व्यक्त गर्दै पत्रकार आन्दोलन सफलताको शुभकामना समेत दिए।

सरकारी सूचना तथा विज्ञापन वितरणसम्बन्धी निर्णयको विरोधमा नेपाल पत्रकार महासंघले सञ्चालन गरेको आन्दोलनका क्रममा आयोजित धर्नामा सहभागी भएर सहमहासचिव सम्मानीले पत्रकार समुदायसँग ऐक्यबद्धता प्रकट गरेका थिए।

# जिराभवानी पूर्ण साक्षर गाउँपालिका घोषित, अब गुणस्तरीय र प्रविधिमैत्री शिक्षामा जोड

**मधेशदृष्टि**
**वीरगंज।**

पर्साको जिराभवानी गाउँपालिका औपचारिक रूपमा पूर्ण साक्षर गाउँपालिका घोषणा भएको छ। नेपाल सरकारले तोकेका साक्षरतासम्बन्धी सम्पूर्ण सूचक र मापदण्ड पूरा गरेपछि शुक्रबार आयोजित विशेष कार्यक्रममा गाउँपालिका अध्यक्ष अनोज चौधरीले पालिकालाई पूर्ण साक्षर घोषणा गरेका हुन्। गाउँपालिकाको सहयोग तथा आसमान नेपालको प्राविधिक समन्वयमा सम्पन्न कार्यक्रममा शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, जनप्रतिनिधि, सञ्चारकर्मी तथा विभिन्न सरकारी एवं गैरसरकारी संस्थाका प्रतिनिधिहरूको उल्लेख्य सहभागिता रहेको थियो।




घोषणा समारोहलाई सम्बोधन गर्दै अध्यक्ष चौधरीले पूर्ण साक्षरता हासिल गर्नु केवल एउटा औपचारिक उपलब्धि नभई शिक्षाको गुणस्तर अभिवृद्धितर्फको महत्वपूर्ण चरण भएको बताए। उनले आगामी दिनमा डिजिटल शिक्षा, सीपमूलक सिकाइ र प्रविधिमा आधारित शिक्षण प्रणालीलाई प्राथमिकताका साथ अघि बढाइने प्रतिबद्धता व्यक्त गरे। कार्यक्रमका क्रममा शिक्षा क्षेत्रमा उल्लेखनीय योगदान पु¥याएका व्यक्तित्वहरूलाई सम्मान पनि गरिएको थियो। सो अवसरमा श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, सेढवाका शिक्षक रमेश कुमार साहलाई पालिकास्तरीय उत्कृष्ट शिक्षक घोषणा गर्दै नगद ५ हजार रुपैयाँ, सम्मानपत्र तथा दोसल्लासहित सम्मान प्रदान गरिएको थियो।

गाउँपालिकाका शिक्षा शाखा प्रमुख शिवराज फुयालले साक्षरता अभियान सफल बनाउन प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्ने सबै पक्षप्रति आभार व्यक्त गर्दै अब शिक्षाको पहुँच विस्तारसँगै गुणस्तर सुधारमा विशेष ध्यान दिइने बताए। वडा नं. १ का अध्यक्ष रामशरण खवास र वडा नं. २ का अध्यक्ष महादेव महतो थारुले पूर्ण साक्षर घोषणा सम्पूर्ण समुदायको साझा प्रयासको परिणाम भएको उल्लेख गरे। उनीहरूले विद्यालयको शैक्षिक गुणस्तर सुधार, विद्यार्थीको नियमित उपस्थितिमा वृद्धि तथा समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्न निरन्तर काम गरिने बताए।

त्यसैगरी आसमान नेपालका कार्यक्रम व्यवस्थापक अजय कुमार यादव, कार्यक्रम अधिकृत धर्मेन्द्र चौरसिया तथा शिक्षकहरू कृपासिन्धु प्रसाद पटवारी र रामाशंकर चौधरीले शिक्षा क्षेत्रमा गरिएको लगानी, विद्यालयहरूको प्रतिबद्धता र समुदायको सहकार्यका कारण यो उपलब्धि सम्भव भएको धारणा राखे। कार्यक्रममा सहभागी विद्यार्थी प्रतिनिधिहरूले शिक्षालाई प्राथमिकता दिएकोमा गाउँपालिकाप्रति खुशी व्यक्त गर्दै समयको मागअनुसार प्रविधिमैत्री तथा सीपमूलक शिक्षाको थप विस्तार आवश्यक रहेको बताए।

स्थानीयवासी, राजनीतिक दलका प्रतिनिधि, प्रधानाध्यापक, सामाजिक अभियन्ता तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको उपस्थितिमा सम्पन्न कार्यक्रमका वक्ताहरूले जिराभवानीको पूर्ण साक्षर घोषणा स्थानीय शिक्षा विकासको क्षेत्रमा महत्वपूर्ण उपलब्धि भएको बताएका छन्। गाउँपालिकाले आगामी दिनमा शतप्रतिशत बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउने, प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गर्ने, डिजिटल शिक्षालाई प्रवर्द्धन गर्ने तथा शिक्षाको समग्र गुणस्तर उकास्न विशेष कार्यक्रम सञ्चालन गर्ने लक्ष्य लिएको जनाएको छ।

# भन्सार छलीका स्याउ र ट्र्याक्टर पार्टपुर्जा बरामद, चारजना पक्राउ




**मधेशदृष्टि**
**वीरगंज।**

पर्सा प्रहरीले भन्सार छली गरेर भित्र्याइएका ठूलो परिमाणका स्याउ र ट्र्याक्टरका पार्टपुर्जा बरामद गर्दै चारजनालाई नियन्त्रणमा लिएको छ। बरामद सामग्री तथा पक्राउ परेकाहरूलाई थप अनुसन्धान र कारबाहीका लागि वीरगंज भन्सार कार्यालय पठाइएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार विशेष सूचनाको आधारमा खटिएको टोलीले वीरगंज महानगरपालिका–१६ स्थित मितेरी पुलमुनिको सडकखण्डमा भारततर्फ जाँदै गरेको बी.म.न.पा. १ ह १–०७९६ नम्बरको अटो रिक्सालाई रोकेर जाँच गरेको थियो। जाँचका क्रममा अटोमा भन्सार प्रक्रिया पूरा नगरिएका ८ कार्टुन स्याउ फेला परेका थिए। अटो रिक्सामा सवार व्यक्तिहरूसँग गरिएको सोधपुछपछि उक्त स्याउ वीरगंज महानगरपालिका–८ गहवास्थित एक गोदामबाट ल्याइएको खुल्न आएको प्रहरीको भनाइ छ। त्यसपछि कानुनी प्रक्रिया पूरा गरी गोदाममा गरिएको खानतलासीबाट थप ५९ कार्टुन स्याउ बरामद गरिएको थियो। प्रहरीले कुल ६७ कार्टुन स्याउसहित गोदाम सञ्चालक वीरगंज महानगरपालिका–१४ निवासी २९ वर्षीय धनन्जय प्रसाद कलवार, उनका सहयोगी २० वर्षीय अमन कुमार पासवान तथा अटो चालक वीरगंज–२ छप्कैयाका १९ वर्षीय इब्राम आलमलाई नियन्त्रणमा लिएको जनाएको छ। यसैगरी अर्को अपरेशनमा प्रहरीले वीरगंज महानगरपालिका–१९ बिन्दबासिनीस्थित राहुल मेशिनरी हार्डवेयरमा छापा मारेर भन्सार छलीका ट्र्याक्टर पार्टपुर्जा बरामद गरेको छ। विशेष सूचनाका आधारमा गरिएको खानतलासीका क्रममा करिब २ लाख ७ हजार रुपैयाँ मूल्य बराबरका विभिन्न पार्टपुर्जा फेला परेको प्रहरीले जनाएको छ। उक्त प्रकरणमा पसल सञ्चालक बहुदरमाई नगरपालिका–९ निवासी करिब ४० वर्षीय जगत नारायण प्रसाद गुप्तालाई नियन्त्रणमा लिइएको छ। बरामद सामानसहित उनलाई पनि थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि वीरगंज भन्सार कार्यालय बुझाइएको छ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक हरि बहादुर बस्नेतका अनुसार भन्सार छली तथा अवैध कारोबार नियन्त्रणका लागि प्रहरीको निगरानी र कारबाही अभियान निरन्तर जारी रहनेछ।

# बैंकिङ कसुरमा वडाध्यक्ष पक्राउ

**महोत्तरी।**

प्रहरीले बर्दिबास नगरपालिका–९ का वडाध्यक्ष घुरन महतोलाई बैंकिङ कसुरसम्बन्धी मुद्दामा पक्राउ गरेको छ।

महोत्तरी जिल्ला अदालतबाट गत वैशाख २२ गते फरार सूचीमा रहेका वडाध्यक्ष महतोलाई प्रहरीले गत वैशाख २२ गते बिहीबार पक्राउ गरेको हो।

प्रहरी नायब उपरीक्षक पञ्चलाल गोलेले वडाध्यक्ष महतोलाई इलाका प्रहरी कार्यालय बर्दिबासको हिरासतमा राखी बैंकिङ कसुरसम्बन्धी मुद्दामा आवश्यक अनुसन्धान गरिरहेको जानकारी दिए।

# खेतीको मुख्य याममा ट्रान्सफर्मर चोरीले किसान चिन्तित



**सिरहा।**

सिरहाको गोलबजार नगरपालिका–१३ दुर्गापुरस्थित सिमरा चौरमा सिँचाइका लागि जडान गरिएको ११ हजार भोल्ट क्षमताको ट्रान्सफर्मर बुधबार राति चोरी भएपछि सयौं किसान प्रभावित भएका छन्। खेतीपातीको मुख्य याममा विद्युत् आपूर्ति अवरुद्ध हुँदा सिँचाइ सेवा ठप्प भएको छ।

किसान दुर्गेशकुमार सिंहले धान तथा अन्य बाली लगाउने तयारी भइरहेका बेला ट्रान्सफर्मर चोरी हुँदा किसान समस्यामा परेको बताए। ट्रान्सफर्मर चोरी भएपछि अब डिजेल पम्प वा अन्य वैकल्पिक स्रोतको सहारा लिनुपरेको छ, यसबाट खेतीको लागत बढ्नेछ, उनले भने। किसान रामपृत यादवले खेती नै परिवारको मुख्य आम्दानीको स्रोत रहेको भन्दै ट्रान्सफर्मर चोरीले ठूलो असर परेको बताए। उनले सिँचाइ अभावका कारण उत्पादन घट्ने चिन्ता व्यक्त गर्दै तत्काल विद्युत् सेवा पुनःस्थापना गर्न माग गरे।

सिरहामा पछिल्लो समय ट्रान्सफर्मर चोरीका घटना बढ्दै गएको देखिएको छ। जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी तथा प्रहरी नायव उपरीक्षक रमेशबहादुर पालले ट्रान्सफर्मर चोरीका घटनाबारे जानकारी दिँदै भने, 'हालसम्म ट्रान्सफर्मर चोरीसम्बन्धी १५ वटा उजुरी प्राप्त भएका छन्। प्राप्त उजुरीका आधारमा अनुसन्धान अगाडि बढाइएको छ र घटनामा संलग्न व्यक्तिहरूको खोजी भइरहेको छ।' उनका अनुसार नवराजपुर र बरियारपट्टी लगायतका क्षेत्रबाट पनि यस्ता घटनाका उजुरी आएका छन्। रासस

# दीर्घकालीन महत्वका ठूला आयोजनाहरुमा प्रदेश सरकारको लगानी केन्द्रित बजेट सार्वजनिक

**मधेशदृष्टि**
**वीरगंज।**

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमा टुक्रे तथा साना योजनाहरूलाई पूर्ण रूपमा हटाउँदै दीर्घकालीन महत्वका ठूला आयोजनाहरूमा मात्र लगानी केन्द्रित गर्ने नीति सार्वजनिक गरेको छ।

बिहीबार प्रदेश सभामा 'मधेस प्रदेश विनियोजन विधेयक, २०८३' का सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्दै अर्थमन्त्री युवराज भट्टराईले अबदेखि एक करोड रुपैयाँभन्दा कम लागतका योजनाहरू बजेटमा समावेश नगरिने स्पष्ट पारे। उनले वितरणमुखी बजेट प्रणालीलाई निरुत्साहित गर्दै प्रदेशको समग्र विकासमा टेवा पुग्ने बहुवर्षीय र गौरवका आयोजनामा स्रोत तथा साधन केन्द्रित गरिने बताए।

सरकारले आगामी वर्ष सडक, ऊर्जा, सहरी विकास तथा डिजिटल पूर्वाधार क्षेत्रलाई एकीकृत रूपमा अघि बढाउने योजना बनाएको छ। साथै प्रशासनिक क्षेत्रमा हुने अनुत्पादक खर्च नियन्त्रण गर्दै 'शून्य बेरुजु' को लक्ष्य हासिल गर्न कडा वित्तीय अनुशासन लागू गरिने जनाइएको छ। यसैबीच, प्रदेश सरकारको चर्चित 'बेटी पढाउ, बेटी बचाउ' अभियानलाई समयानुकूल परिमार्जन गर्दै विज्ञान तथा प्रविधि शिक्षामा छात्राहरूको सहभागिता बढाउन विशेष प्रोत्साहन छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिने अर्थमन्त्री भट्टराईले जानकारी दिए।

# एकदिने योग शिविर

**मधेशदृष्टि**
**वीरगंज।**

लायन्स क्लब अफ वीरगंज सेन्ट्रल सिटीको आयोजनामा एकदिने योग शिविर सम्पन्न भएको छ। विद्यार्थीहरूमा योगप्रति रुचि अभिवृद्धि गर्नुका साथै शारीरिक तथा मानसिक स्वास्थ्यबारे सचेतना फैलाउने उद्देश्यले आयोजित कार्यक्रममा विद्यार्थी र शिक्षकहरूको उत्साहजनक सहभागिता रहेको थियो। कार्यक्रमको उद्घाटन प्रमुख अतिथि तथा डिस्ट्रिक्ट गभर्नर लायन राम बिहारी पाण्डेले गरेका थिए। उद्घाटन समारोहलाई सम्बोधन गर्दै उनले योगलाई केवल शारीरिक व्यायामका रूपमा नभई स्वस्थ, अनुशासित र सकारात्मक जीवनशैली निर्माण गर्ने महत्वपूर्ण माध्यमका रूपमा व्याख्या गरे।

# २५ वर्षदेखि शान्ति पीडित...

परिवारको भनाइ छ। बलात्कारको शारीरिक र मानसिक आघातसँग संघर्ष गरिरहेकी शान्तीले आफ्नै सन्तान गुमाउनुपरेको पीडा पनि सहनुप¥यो। करिब छ महिनापछि घर फर्किए पनि उनले समाजबाट अपेक्षित साथ र सहानुभूति पाइनन्। बरु अपमान, तिरस्कार र सामाजिक विभेदको सामना गर्नुपरेको परिवार बताउँछ।

समयसँगै आर्थिक अवस्था झन् कमजोर बन्दै गयो। केही वर्षपछि श्रीमानको निधन भएपछि परिवारको सम्पूर्ण जिम्मेवारी छोराहरूको काँधमा आयो। ज्याला मजदुरी गरेर जीवन धान्दै आएको परिवारका सदस्यहरू शुक्रबार पनि समाजले आफूहरूलाई सम्मानजनक व्यवहार नगरेको गुनासो गर्छन्।

घटनाको २५ वर्ष पूरा भइसके पनि अपराधीहरूको पहिचान हुन सकेको छैन। कसैलाई कानुनी दायरामा ल्याउन नसकिएको र पीडितले न्याय नपाएको अवस्था यथावत् छ।

पीडित राहत कोषबाट शान्ती साहलाई ६ लाख रुपैयाँ उपलब्ध गराउने प्रक्रिया अघि बढेको भनिए पनि उनले अहिलेसम्म उक्त रकम प्राप्त गर्न नसकेको परिवारको दाबी छ।

घटनालाई सुरुदेखि नजिकबाट नियाल्दै आएका मानवअधिकारकर्मी तथा तत्कालीन इन्सेक महोत्तरीका प्रतिनिधि वरिष्ठ पत्रकार ईश्वर काफ्लेले राज्यले पीडितप्रति विभेदपूर्ण व्यवहार गरेको टिप्पणी गरेका छन्। उनका अनुसार यति गम्भीर प्रकृतिको घटनामा पनि दोषी पत्ता लगाउन नसक्नु र पीडितले राहत तथा न्याय नपाउनु राज्यको न्याय प्रणालीकै कमजोरीको संकेत हो।

शान्ती साहको शरीरमा लागेको घाउ समयसँगै पुरिँदै गए पनि मनमा बसेको पीडा अझै ताजा छ। एकातिर बलात्कारको कहालीलाग्दो स्मृति, अर्कोतिर हराएको सन्तान र अधुरो न्यायको पीडाले उनको जीवनलाई निरन्तर सताइरहेको छ।

घटना भएको दुई दशकभन्दा बढी समय बितिसक्दा पनि शान्तीको प्रश्न उही छ— 'आखिर मैले न्याय कहिले पाउँछु?'

उनको यो प्रश्न केवल एक पीडित महिलाको मात्र होइन, न्यायको खोजीमा रहेका हजारौं हिंसापीडित नागरिकको साझा प्रश्न बनेको छ। राज्यले अपराधी पहिचान, पीडितलाई राहत र न्याय सुनिश्चित गर्न नसकेसम्म शान्ती साहको संघर्ष अधुरै रहने देखिन्छ।

# परवानीपुर मधेशमै बेरुजु घटाउनेमा उत्कृष्ट

**मधेशदृष्टि**
**बारा।**

महालेखापरीक्षकको कार्यालयद्वारा सार्वजनिक गरिएको ६३औँ वार्षिक प्रतिवेदन २०८३ अनुसार बाराको परवानीपुर गाउँपालिका मधेश प्रदेशकै सबैभन्दा कम बेरुजु हुने स्थानीय तह बनेको छ।

प्रतिवेदनअनुसार गाउँपालिकाको बेरुजु दर केवल ०.२९ प्रतिशत छ।

मधेश प्रदेशका १ सय ३६ स्थानीय तहमध्ये सबैभन्दा न्यून बेरुजु कायम गर्दै परवानीपुर गाउँपालिकाले प्रथम स्थान हासिल गरेको हो।

साथै, देशभरका ७ सय ५३ स्थानीय तहमध्ये गाउँपालिकाले ५९औँ स्थान प्राप्त गरेको छ। गाउँपालिकाले वित्तीय अनुशासन, सुशासन, पारदर्शिता तथा सार्वजनिक स्रोत–साधनको प्रभावकारी व्यवस्थापनमा उत्कृष्ट प्रदर्शन गर्दै उक्त उपलब्धि हासिल गरेको जनाएको छ। योजना कार्यान्वयन, लेखा प्रणालीको सुदृढीकरण तथा आर्थिक व्यवस्थापनमा अपनाइएको पारदर्शी अभ्यासले सकारात्मक परिणाम दिएको गाउँपालिकाको भनाइ छ।

यस उपलब्धिप्रति गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा स्थानीय सरोकारवालाहरूले खुसी व्यक्त गरेका छन्।

# पंखुखोलामा आएको बाढीले...

वडाध्यक्ष दिनेश कठेतले भने।

पंखुखोलामा विसं २०७३ मा मोटरेबल पक्की पुल निर्माण गरेर सञ्चालनमा ल्याउनुपर्ने सम्झौतामा उल्लेख भएपनि ठेकेदारको लापरबाहीका कारण अहिलेसम्म बन्न नसकेको हो। कालोपत्रको काम सम्पन्न भएको लामो समय बितिसक्दा पनि ठेकेदारको लापरबाहीका कारण पक्की पुल निर्माण नहुँदा खोलाबाट यातायातका सवारीसाधन वारपार गर्नुपर्ने बाध्यता थियो।

पंखुखोलाको निर्माणाधीन मोटरेबल पक्की पुल ठेकेदारका कारण अलपत्र बनेपछि श्रमदानमार्फत यही जेठ १७ गते काठको पुल निर्माण गरेर सञ्चालनमा ल्याएको थियो। श्रमदान गरेर निर्माण गरिएको काठे पुल यही जेठ २२ गते राति आएको बाढीले बगाएपछि समस्या भएको वडाध्यक्ष कठेतले बताए। अटो तथा मोटरसाइकल वारपार गराउन मिल्नेगरी श्रम संस्कृति पार्टी निकट श्रमदाताले तीन दिन लगाएर काठे पुल निर्माण गरेको थियो।

जेठ २२ गते राति आएको वर्षापछिको बाढीले जिल्लाका अधिकांश ग्रामीण सडक अवरुद्ध भएका खोटाङ यातायात प्रालिका महासचिव रामकुमार हिङमाङले जानकारी दिए। उनका अनुसार ग्रामीण सडकमा यातायात सेवा अवरुद्ध हुँदा यात्रुलाई गन्तव्यमा पुग्न पैदल यात्रा गर्नुपर्ने बाध्यता छ।

विसं २०६४ मा नेपाली सेनाको हेलिकोप्टरमार्फत बोकेर ल्याएको गाडीमार्फत यातायात सुरु भएको जिल्लामा अहिले सबै ठाउँमा सेवा विस्तार भएको छ। सेवा सुरु भएको लामो समय बितिसक्दा पनि मध्यपहाडी लोकमार्गबाहेक अन्य सबै ग्रामीण सडक कच्ची अवस्थामा सञ्चालन हुँदै आएका छन्।

दश स्थानीय तह रहेको जिल्लाका अधिकांश ग्रामीण सडक करिब छ महिनामात्रै सञ्चालन हुने अवस्था रहेको वडाध्यक्ष कठेतले जानकारी दिए। हिउँदको समयमा मात्र सञ्चालन हुँदै आएका ग्रामीण सडक हरेक वर्षको जेठदेखि कात्तिक अन्तिमसम्म अवरुद्ध हुने गर्दछन्।

## सम्पादकीय

# अमेरिका–इरान सम्बन्धः
# सम्झौताको आशा र तनावको यथार्थ

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग निकट भविष्यमा सम्झौता हुन सक्ने दाबी गर्दै सैन्य आक्रमणको धम्की स्थगित गरेको घोषणा गरेपछि मध्यपूर्वको भूराजनीतिमा नयाँ तरंग उत्पन्न भएको छ। ट्रम्पको यो भनाइले लामो समयदेखि जारी तनाव कम हुने संकेत दिएको छ, तर इरानले भने कुनै पनि अन्तिम निर्णयमा नपुगेको स्पष्ट पारेको छ।

दुई देशबीचको सम्बन्धमा सम्झौताको सम्भावना र तनावको यथार्थबीचको यो विरोधाभासले विश्व समुदायको ध्यान खिचेको छ।

ट्रम्प प्रशासनले इरानमाथि अधिकतम दबाबको नीति अपनाउँदै आएको छ, जसमा आर्थिक प्रतिबन्ध र सैन्य धम्की प्रमुख छन् । यस नीतिको उद्देश्य इरानलाई आणविक कार्यक्रम र क्षेत्रीय गतिविधिहरूमा नियन्त्रण गर्न बाध्य पार्नु हो।

तर, इरानले यी दबाबका बाबजुद आफ्नो अडानमा दृढ रहेको देखाएको छ, जसले गर्दा दुई देशबीचको तनाव थप बढेको छ। हालैका दिनमा इजरायलले इरानमाथि गरेको आक्रमण र इरानको जवाफी कारबाहीले मध्यपूर्वमा युद्धको खतरा बढाएको थियो।

ट्रम्पले सैन्य कारबाही स्थगित गर्नु र सम्झौताको सम्भावनाबारे बोल्नुले अमेरिकी नीतिमा केही लचकता आएको संकेत गर्छ।

यद्यपि, इरानले वार्ताका लागि खुला रहेको बताए पनि, ट्रम्पले धम्की दिन बन्द नगरेसम्म कुनै ठोस प्रगति नहुने अडान लिएको छ। इरानको यो अडानले सम्झौताको बाटो सहज नभएको देखाउँछ। दुवै पक्षबीच विश्वासको कमी र एकअर्काका मागहरूमा भिन्नताले गर्दा वार्ता प्रक्रिया जटिल बनेको छ।

यदि अमेरिका र इरानबीच कुनै सम्झौता हुन्छ भने त्यसले मध्यपूर्वमा स्थिरता ल्याउन सक्छ र विश्व अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्न सक्छ। तर, यो सम्झौता कस्तो हुनेछ र यसले इरानको आणविक कार्यक्रम तथा क्षेत्रीय प्रभावलाई कसरी सम्बोधन गर्नेछ भन्ने प्रश्न अनुत्तरित छ। इरानले आफ्नो सार्वभौमिकता र राष्ट्रिय हितलाई प्राथमिकता दिनेछ भने अमेरिकाले आफ्नो सुरक्षा चासोलाई सम्बोधन गर्न खोज्नेछ।

अन्ततः, अमेरिका र इरानबीचको सम्बन्धको भविष्य दुवै पक्षको राजनीतिक इच्छाशक्ति र कूटनीतिक लचकतामा निर्भर गर्दछ। ट्रम्पको सम्झौताको दाबी र इरानको सावधानीपूर्ण प्रतिक्रियाले यो प्रक्रिया अझै प्रारम्भिक चरणमा रहेको देखाउँछ। मध्यपूर्वमा शान्ति र स्थिरताका लागि दुवै देशले रचनात्मक वार्ताको माध्यमबाट साझा बिन्दु खोज्नु अपरिहार्य छ।

# जग्गा फिर्ता ल्याउन कस्सियो त्रिवि

– रूपेश आचार्य÷रासस

पूर्वमा बागमती किनारदेखि पश्चिममा कीर्तिपुर डाँडाको फेदी र उत्तरमा चक्रपथको डिलसम्म फैलिएको त्रिभुवन विश्वविद्यालयले स्थापनाको ७० वर्ष पुग्नलाग्दा आफ्ना जमिनहरु खोज्दैछ ।

राज्यकै विभिन्न निकाय, आफ्नै प्राध्यापक र कर्मचारीका सङ्गठनदेखि पेटोलपम्प र बालुवा डिपोजस्ता व्यापारिक समूहबाट त्रिविको जमिन अतिक्रमणमा परेको छ । कतिपय जमिन प्रचारमा आए जस्तो अतिक्रमण नभएर कतै राज्यले त कतै त्रिविकै आधिकारिक निकायले औपचारिक रुपमा दिएका समेत हुन् ।

वर्तमान सरकारले देशभरका अतिक्रमित जमिन फिर्ता ल्याउन पहल सुरु गरेसँगै त्रिविले पनि आफ्ना जग्गा प्रयोग वा अतिक्रमण गर्ने सबै संस्था, निकाय र व्यक्तिसँग अलगअलग छलफल गरिरहेका छ । विश्वविद्यालय प्रशासनले वैशाखको पहिलो सातादेखि विभिन्न संस्थाहरूलाई औपचारिक पत्र पठाएर आफ्नो नाममा रहेको भूमि खाली गर्न र विश्वविद्यालयलाई फिर्ता गर्न आग्रह गरेको थियो । सबैको प्रयोग उस्तै नभएकाले अलगअलगै सम्बोधन गर्नुपर्ने बाध्यतामा पनि त्रिवि छ । ती जग्गामा कतिले आफूखुसी संरचना बनाएका छन् त केहीले आफ्नो उपभोगका लागि भनेर लिएको जमिनमा संरचनाहरू बनाएर भाडामा लगाएका छन् ।

### आधा संस्थाले पठाए जवाफ

त्रिविले पत्र पठाएका १९ संस्थामध्ये हालसम्म १० संस्थाले लिखित जवाफ पठाएका छन् । अधिकांश संस्थाहरूले आफूहरूले प्रयोग गरिरहेको जग्गा सरकार वा त्रिविकै आधिकारिक निर्णयका आधारमा प्राप्त गरेको दाबी गर्दै आएका छन् । यसरी पत्र पठाइएका संस्थामा त्रिविको आफ्नै कर्मचारी र प्राध्यापकका सङ्गठनदेखि २०१९ सालदेखि नै त्रिविको जग्गा भोग चलन गरिरहेका बागवानी केन्द्र, लेबोरेटरी मावि र केही वर्ष अघिदेखि मात्र सुरु भएको राष्ट्रिय आविष्कार केन्द्रसमेत छन् ।

विश्वविद्यालयका सामान्य प्रशासन शाखाका प्रशासक भोजकुमार बस्नेतका अनुसार अधिकांशले आफूहरूलाई सरकार वा त्रिविको आधिकारिक निकायबाटै जमिन उपलब्ध गराइएको ब्यहोरा उल्लेख गर्दै जवाफ पठाएका छन् । यसरी जवाफ पठाउनेमा नेपाल प्राध्यापक सङ्घ, त्रिभुवन विश्वविद्यालय प्राध्यापक सङ्घ, त्रिवि कर्मचारी सङ्घ, समशीतोष्ण बागवानी केन्द्र, काठमाडौँ उपत्यका खानेपानी लिमिटेड, नेपाल नेत्र ज्योति सङ्घ, ग्लोबल आइमइ बैंक, विपी कोइराला प्लानेटोरियम, लेबोरेटरी स्कुल र राधास्वामी सत्सङ्ग रहेका छन् ।

त्रिविको जग्गा फिर्ताको पहल सुरु भएलगत्तै प्राध्यापक र कर्मचारी सङ्घले पनि आफूले भाडामा लगाएका पसलहरू र पेट्रोल पम्पलाई ३५ दिनभित्र खाली गर्न पत्र पठाएका थिए । त्यसको जवाफमा सञ्चालकहरूले तत्काल उठेर जान अप्ठ्यारो भएको भन्दै सम्झौता अनुसार नै भाडा नियमित तिरिरहेको र अब विश्वविद्यालयकै खातामा रकम जाने गरी व्यवसाय गर्न दिन अनुरोध गर्दै त्रिविलाई पत्र पठाएका छन् । त्रिविकै जग्गामा सञ्चालित पेट्रोल पम्पले त त्रिविसँग भएको करार नामाकै आधारमा बैंकबाट ऋण लिएको ब्यहोरा उल्लेख गर्दै आफू त्रिविकै शर्तमा चल्न तयार रहेको पत्र पठाएको छ ।

बागवानी भन्छ, 'बरु हाम्रै नाममा गरिदेउ' त्रिवि परिसरको दक्षिण–पूर्व कुनामा करिब ४६ हेक्टर जमिनमा रहेका समशीतोष्ण बागवानी केन्द्रले भने आफूले भोगचलन गरिरहेको जग्गा आफ्नै नाममा गरिदिए हुन्थ्यो भन्ने आसयको जवाफ पठाएको छ । त्रिविले अतिक्रमित जग्गाको सूचीभित्र राखेको बागवानीले आफूलाई त्रिविको जग्गा राजा महेन्द्रकै पालामा राज्यकै तर्फबाट दिइएको उल्लेख गरेको छ ।

केन्द्रका प्रमुख दिनेशप्रसाद सापकोटा झाडीले ढाकिएको स्थानमा २०१९ सालमा तत्कालीन सरकारकै निर्णयबमोजिम बागवानी केन्द्र स्थापना गरिएको बताउनुहुन्छ । त्रिवि र बागवानी दुवै राज्यकै निकाय भएकाले बागवानीलाई दिइएको हुनसक्ने भनाइ पनि उहाँको छ । 'यसमा फलफूलजन्य वनस्पतिको अध्ययन अनुसन्धान हुन्छ, जो त्रिविको कृषि क्याम्पसको अध्ययन अध्यापनसँग जोडिएको विषय हो,' उहाँ भन्नुहुन्छ । बागवानी आफैँले खरिद गरेको करिब चार रोपनी जग्गा भने अहिले सशस्त्र प्रहरी बलले उपयोग गरिरहेको र उत्तरतर्फको केही जमिन किसान आयोग आदिले पनि उपयोग गरेको जानकारी पनि सापकोटाले दिनुभयो ।

अतिक्रमित करिब तीन हजार रोपनीमध्ये कतिपय जग्गा त्यो बेलाको मन्त्रिपरिषद्ले निर्णय गरेरै राज्यको अर्को निकायको संरचना बनाई भोगचलन गर्न दिएको छ । कतिपय जग्गा त्रिवि कार्यकारी परिषद्ले निर्णय नै गरेर दिएको छ । त्यो पनि अरूलाई नभई विश्वविद्यालयकै कर्मचारी र प्राध्यापक सङ्घहरूलाई । केही प्रतिशत जग्गा भने राज्य र त्रिविको औपचारिक सहमति बेगर नै अन्य निकाय वा व्यक्तिले समेत प्रयोग गरिरहेका छन् ।

### प्रहरी कार्यालय समेत

राज्यकै अर्को निकाय कीर्तिपुर र कालीमाटीका प्रहरी वृत्त पनि अहिले त्रिविकै जग्गामा छन् । बस्नेतका अनुसार कर्मचारी र प्राध्यापक सङ्घलाई त्रिविको कार्यकारी परिषद्कै निर्णयअनुसार जग्गा उपलब्ध गराइएको हो । ती सङ्घहरूलाई त्रिविको अनुमति र उनीहरूकै सम्मेलनको निर्णयका आधारमा जग्गा वा संरचना भाडामा लगाउने र त्यसको आयव्यय प्रस्तुत गर्ने अधिकार दिइएको जानकारी समेत उनले दिए । 'प्रचारमा आएजस्तो सबैले अतिक्रमण गरेका भने होइनन्,' बस्नेतको भनाइ थियो । 'जसरी दिइएको होस् वा उपभोग गरिएको होस् । ती जग्गाहरू विश्वविद्यालयका हुन र तिनलाई फिर्ता गरिनुपर्छ,' अहिले त्रिविको 'बटम लाइन' त्यही हो । निवर्तमान कार्यकारी परिषद्ले यही निर्णय गरेर भोगचलन गर्ने सबै संस्थालाई अलगअलग पत्र पठाएको हो ।

### लेबोरेटरी स्कुल र दृष्टिहीन विद्यार्थी व्यवस्थापनमा समस्या

त्रिविको १०० नौ रोपनी जमिन उपभोग गरिरहेको लेबोरेटरी माध्यमिक विद्यालयलाई यसअघि समेत पटकपटक त्रिविको जमिन फिर्ता गर्न पहल गरिएको थियो । यस पटक पनि यससम्बन्धी पत्र प्राप्त भएपछि राससले कुरा गर्दै प्रधानाध्यापक लाक्पा शेर्पाले जग्गा जमिन त्रिविकै भएको बताउनुभयो । 'अब उसैसँग कुराकानी गरेर समझदारीमा विद्यालय सञ्चालन गरिनेछ,' उहाँले भन्नुभयो । अहिले विद्यालयमा ४५ जना नेत्रहीनसहित झण्डै तीन हजार विद्यार्थी अध्ययनरत रहेको जानकारी दिँदै उहाँले थप्नुभयो, 'जग्गा त त्रिविकै हो र विद्यालय भने ७० वर्षअघि नेपाल सरकारले नै स्थापना गरेको हो ।'

कीर्तिपुर नगरपालिका–१० मा पर्ने त्रिविको जग्गामा निजी विद्यालय चलाइएको आरोप लाग्दै आएको छ । प्रधानाध्यापक शेर्पा नेपाल सरकारले २०३८ देखि अनुदान बन्द गरी स्वआर्जनबाटै चल्न भनेपछि शुल्क उठाउन थालिएको बताउनुहुन्छ । कुनै बेला देशकै अब्बल मानिने मात्र नभई पटकपटक प्रवेशिका परीक्षामा सर्वोत्कृष्ट ठहरिएको लेबोरेटरी मावि केही दशकयता सार्वजनिक शैक्षिक गुठीअन्तर्गत सञ्चालित छ । त्यहाँ अध्ययरत ५४ दृष्टीविहिन विद्यार्थीलाई सरकारले नै छात्रवृत्ति दिँदै आएको र शिक्षकलाई पारिश्रमिक पनि सरकारले दिएको जानकारी पनि उहाँ दिनुहुन्छ । त्रिविका पूर्वउपकुलपति माधव शर्माको कार्यकालमा उक्त विद्यालय हटाउन र विद्यालय परिसरलाई त्रिविको भोगचलनमा ल्याउने अन्तिम तयारी गरिएको थियो । तर त्यतिबेला अध्ययनरत दृष्टिविहीन विद्यार्थीको व्यवस्थापन तत्काल हुन नसकेपछि त्रिविको निर्णय कार्यान्वयन हुन सकेको थिएन ।

### तत्कालीन शिक्षा मन्त्रालयकै निर्णयमा प्लानेटोरियम

त्रिविले पत्र पठाएको सूचीमा बिपी कोइराला प्लानेटोरियम समेत परेको छ । शिक्षासँग विज्ञान प्रविधि मन्त्रालय समेत गाभिएका बेला करिब डेढ दशकअघि मन्त्रालयकै निर्णयबाट त्रिवि परिसरमा प्लानेटोरियम स्थापना गर्ने निर्णय गरिएको थियो । प्लानेटोरियमका निर्देशक सनतकुमार शर्माका अनुसार त्यतिबेला विश्वविद्यालयको कार्यकारी परिषद्बाट निर्णय गराएरै प्लानेटोरियमलाई जग्गा उपलब्ध गराइएको थियो । प्लानेटोरियमको भवनको नक्सासमेत त्रिविले आफैँ पास गरिदिएको उहाँको भनाइ छ । त्रिविकै विज्ञान पठनपाठनमा उपयोगी हुने तर्कसहित त्यतिबेला त्रिवि परिसरमै प्लानेटोरियम र अन्तरिक्ष अन्वेषण केन्द्र स्थापना गरिएको पनि उहाँ बताउनुहुन्छ । सोही निर्णयअनुसार त्यहाँ विज्ञान सङ्ग्रहालय, अन्तरिक्ष थिएटरजस्ता संरचना बनिसकेका छन् भने अन्तरिक्षको समग्र जानकारी दिने अब्जरभेटरी बन्ने क्रममा छ ।

त्यसो त त्रिविका विद्यार्थीका लागि २०२३ सालमा निर्मित रङ्गशाला २०५६ देखि अन्तरराष्ट्रिय क्रिकेट रङ्गशालामा परिणत गर्न थालियो । गतवर्ष मात्र राज्यका तर्फबाट ठूलो लगानी गरी फ्लड लाइट र १० हजार दर्शक क्षमताको प्यारापिट निर्माण गरिएको छ । त्यसलाई पूर्णता दिँदै २५ हजार दर्शक क्षमताको बनाउने र रङ्गशालालाई पूर्ण स्वरूपको अन्तरराष्ट्रिय रङ्गशालाको रुप दिन सरकारले प्राथमिकतामा राखेको छ । तर यसका लागि त्रिभुवन विश्वविद्यालयसँग गरिएको सम्झौता वैशाख मसान्तमा सकिएको छ । त्रिवि नेतृत्वसँग उक्त सम्झौता नवीकरण गर्न राज्यका तर्फबाट कुनै पनि पत्राचार नभएको त्रिवि प्रवक्ता नवीन्द्र भण्डारी बताउनुहुन्छ ।

गत असोज २६ गते तत्कालीन शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनले सार्वजनिक गरेको 'त्रिभुवन विश्वविद्यालयको जग्गा तथा अचल सम्पत्ति खोजबिन समितिको प्रतिवेदन २०८१' ले ठूलो मात्रामा त्रिविको जग्गा मिचिएको देखाएको थियो । खोजबिन समितिले त्रिवि स्थापना र सञ्चालनका लागि सरकारले विभिन्न समयमा अधिग्रहण गरेर लिएको पाँच हजार ५० रोपनी तीन आना एक पैसा एक दाम क्षेत्रफलको जग्गामध्ये करिब २४ सय रोपनीभन्दा बढी जग्गा अपचलन भएको निष्कर्ष निकालेको थियो ।

प्रतिवेदनअनुसार विश्वविद्यालयको जग्गा कीर्तिपुरमा ल्याबोरेटरी स्कुल मात्र नभई राधास्वामी सत्सङ्ग व्यास नेपाल, नेपाल प्राध्यापक सङ्घ, त्रिवि प्राध्यापक सङ्घ, कर्मचारी सङ्घ, आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र, नेपाल नेत्रज्योति सङ्घले समेत उपभोग गरेका छन् । साथै, त्रिविको जग्गा उपयोग गर्नेमा नेपाल बैंक लिमिटेड, ग्लोबल आइएमई बैंक, काठमाडौँ खानेपानी बोर्ड, किसान आयोग, प्रहरी वृत्त कीर्तिपुर, बल्खु र कालीमाटी, लायन्स रक्त सञ्चार केन्द्रसमेत रहेका छन् । यसैगरी केही ढुङ्गा, गिट्टी, बालुवा डिपो र नेपाल विद्युत् प्राधिकरणले त्रिविको जग्गा प्रयोग गरिरहेका छन् ।

कीर्तिपुरबाहेक अन्यत्र पनि अतिक्रमित

कीर्तिपुरमा मात्रै नभई उपत्यकाका अन्य स्थानमा पनि त्रिविका जग्गा अतिक्रमित छन् । राजधानीको नैकाप, डिल्लीबजार, त्रिपुरेश्वर, लुभु, कपन र स्वयम्भू क्षेत्रमा गरी ६९६ रोपनी जग्गा अतिक्रमणमा परेको प्रतिवेदनमा उल्लेख छ । 'नैकापको १२५ रोपनी जमिनमा घर बनेका छन् । टोखामा सामुदायिक भवन र हात्तीगौडामा भने त्रिविकै जग्गामा पुनःस्थापना केन्द्र बनेका छन् ।

यस्तै लुभुजस्ता ठाउँहरुमा त कहाँनेर हो जग्गा भनेर खोज्नुपर्ने अवस्था छ । राजा त्रिभुवनकी रानी कान्ति राज्यलक्ष्मीले २०१३ सालमा प्रदान गरेका ३७५ रोपनीको पत्ता लागेको छैन । उनै कान्ति राज्यलक्ष्मीले दिएको र कित्ता नम्बरसमेत रहेको २७५ रोपनी छ आना तीन पैसा त्रिविले भोग गर्ने पाएको छैन । उपप्रशासक बस्नेतका अनुसार निरन्तरको ताकेतापछि विश्वविद्यालयको प्रयोजनविपरीत भाडामा लगाइएका रस कटर पेट्रोल पम्प र सँगैको नर्सरी हट्न तयार भएका छ । विश्वविद्यालयका निमित्त रजिष्ट्रार महानन्द चालिसेले ती दुवै निकायका सञ्चालकलाई बोलाएर हटाउन भनेपछि दुवैले हट्ने तयारी थालेका हुन् ।

# किसानका पीडा बुझिदिने कसले ?

–नरेन्द्रसिंह कार्की/रासस

नौगाड गाउँपालिका–२ दल्लेखको डाँडामाथि बिहानको घाम झुल्किन थालेसँगै तल खार बस्तीका कान्लामा बनेका पोलिहाउसहरू सेताम्य देखिन्छन् । कतै गोलभेँडा लटरम्म फलेका छन्, कतै आलुको हरियाली फैलिएको छ । किसानहरू बिहानैदेखि पानी हाल्ने, पोलिहाउस मिलाउने र बाली स्याहार्ने काममा व्यस्त छन् तर यही हरियालीभित्र किसानका अनगिन्ती पीडा लुकेका छन् । उत्पादन बढेको छ, मेहनत बढेको छ, तर बजार अझै अनिश्चित छ । सडक भरपर्दो छैन । मूल्य व्यापारीकै नियन्त्रणमा सीमित छ ।

नौगाड गाउँपालिका–२ की सरस्वती डोबाल मन्यालले गत वर्ष यही याममा गोलभेँडा र आलु बिक्री गरेर रु सात लाख आम्दानी गर्नुभयो । दल्लेखबाट सदरमुकाम खलङ्गासम्म पुगेर उहाँले आफ्नै खेतमा फलेको तरकारी बिक्री गर्नुभयो । तर आम्दानीसँगै सङ्घर्ष पनि उत्तिकै बढेको उहाँ बताउनुहुन्छ । 'एकैपटक आठ–दस क्रेट गोलभेँडा पाक्छ,' उहाँ भन्नुहुन्छ, 'तर बजारमा लगेपछि एकै ठाउँमा बिक्री हुँदैन । व्यापारी खोज्दै हिँड्नुपर्छ । कहिलेकाहीँ त घरघर पुगेर बेच्नुपर्छ ।' पूरै दिनभर गोलभेँडा बेच्नैमा जाँदा फेरि घरमा पोलिहाउस रेखदेख गर्न समस्या हुन्छ । एक जनाले मात्रै पूरै तरकारी उत्पादन, सुरक्षादेखि बजार खोज्दै हिँड्न जाँदा निकै समस्या खेप्नुपरेको उहाँको भनाइ छ ।

खार–खलङ्गा सडक वर्षायाममा प्रायः अवरुद्ध हुन्छ । सडक कालोपत्रे नभएकाले पानी पर्नेबित्तिकै पहिरो खस्ने, नाली नहुँदा बाढीले सडक बगाउने र खाल्टाखुल्टी बढ्ने समस्या छ । महाकाली नगरपालिका २ र ३ अन्तर्गत पर्ने यो सडकखण्ड ठाउँठाउँमा बिग्रिएको छ । पहिरो गएको ठाउँमा अझै पर्खाल बनेका छैनन् । डुङ्ग्रीलगायतका क्षेत्रमा अहिले पनि खोलामै गाडी गुडाउनुपर्ने बाध्यता छ ।

सडक अवरुद्ध हुँदा किसानले पिठ्युँमै तरकारी बोकेर तीन–चार घण्टा हिँडेर खलङ्गा पुग्नुपर्छ । 'पानी पर्नेबित्तिकै सडक बन्द हुन्छ,' सरस्वती भन्नुहुन्छ, 'पाकेको गोलभेँडा खेतमै सड्छ । लगानी डुब्छ ।' तरकारीखेती नै उहाँको परिवारको मुख्य आम्दानीको स्रोत बनेको छ । छोरा मिलन मन्याल र छोरी सोनिया मन्यालको पढाइ खर्च यही खेतीले धानेको छ । 'बच्चालाई राम्रो शिक्षा दिनुपर्छ भन्ने सपना छ,' उहाँ भावुक हुँदै भन्नुहुन्छ, 'तर बजार र मूल्य नपाउँदा कहिलेकाहीँ निकै निराश हुन्छु ।' श्रीमान् माधव मन्याल रोजगारीको खोजीमा काठमाडौँ गएका छन् । घरको आर्थिक जिम्मेवारी अहिले खेतीमै टिकेको छ ।

यो वर्ष परेको असिनाले पोलिहाउसमा ठूलो क्षति पुर्‍याएको सम्झिँदा सरस्वती अझै भावुक बन्नुहुन्छ । केही मिनेटमै मेहनतले हुर्काएका बोटहरू नष्ट हुँदा आफू खेतमै रोएको उहाँ सुनाउनुहुन्छ । खारकै अर्का किसान नारा मन्यालको पीडा पनि उस्तै छ । मेहनत गरेर उत्पादन गरिएको अर्गानिक गोलभेँडा कहिलेकाहीँ प्रतिकिलो ५० रुपैयाँमा पनि बिक्री हुँदैन । 'गत वर्ष ५० देखि ८० रुपैयाँसम्म बिक्री भयो,' उहाँ भन्नुहुन्छ, 'तर नियमित बजार पाउँदैनौँ । गाउँभरि एकैपटक गोलभेँडा पाक्दा व्यापारीले मूल्य घटाइदिन्छन् ।'

खलङ्गा जिल्लाकै मुख्य बजार भए पनि व्यापारीले किसानको उत्पादन एकमुष्ट खरिद गर्दैनन् । किसान आफैँ व्यापारी खोज्दै हिँड्न बाध्य छन् । अहिले भारतीय तरकारी आउन कम भएपछि व्यापारीको फोन आउन थालेको किसानहरू बताउँछन् । हामीलाई तरकारी तौल गर्न पनि आउँदैनन् । बजारमा महिलाहरू बढी जाने भएकाले उनीहरू ठगिने समस्या पनि झेलिरहेका छन् । 'केजी तौलमै धेरैपटक ठगियौँ,' किसान सरस्वती मन्याल सुनाउनुहुन्छ, 'एकपटक त प्रशासन गुहार्नुपरेको थियो ।' उहाँका अनुसार किसानले एउटै केन्द्रबाट बिक्री गर्ने व्यवस्था भए बजार व्यवस्थापन सहज हुने थियो ।

डाँडाबाग कृषि समूहका अध्यक्ष धनसिंह सितोलीका अनुसार समूहले मात्रै प्रत्येक वर्ष ५० देखि ६० क्विन्टलभन्दा बढी गोलभेँडा उत्पादन गर्छ । आलुको उत्पादन पनि उल्लेख्य छ । 'हाम्रो मुख्य समस्या बजार र सडक हो,' उहाँ भन्नुहुन्छ, 'उत्पादन भइरहेको छ, तर किसानले उचित मूल्य पाउँदैनन् ।'

उहाँका अनुसार जलवायु परिवर्तनले तरकारीखेतीलाई समस्या सिर्जना गरेको छ । असिना, अत्यधिक वर्षा, हावाहुरी र नयाँ रोगव्याधिका कारण तरकारी उत्पादनमा ह्रास देखिने गरेको छ । 'यो वर्ष बेर्नादेखि नै समस्या देखियो,' उहाँ भन्नुहुन्छ, 'पाक्ने बेलामा पनि रोग लागेको छ । धेरैपटक बीउ परिवर्तन गर्‍यौँ, खासै सुधार भएन ।' रेखदेख औषधि गरेकै छौँ । समय समयमा बेर्ना परिवर्तन गरिएको छ । कहिले रोगले सताउँछ, कहिले मौसमले, उहाँले दुःखेसो सुनाउनुभयो ।

खार क्षेत्रमा कोल्ड स्टोर नहुँदा किसानले उत्पादन लामो समयसम्म जोगाएर राख्न सक्दैनन् । सबै किसानले एकैपटक बजारमा तरकारी ल्याउँदा मूल्य झन घट्ने गरेको छ । किसानका अनुसार यहाँ उत्पादन हुने तरकारी पूर्णरूपमा जैविक र विषादीरहित छ । एउटा बोटमै पाँचदेखि १० किलोसम्म गोलभेँडा फल्ने गरेको उनीहरू बताउँछन् । सामान्य किसानले सिजनमा पाँचदेखि सात लाख रुपैयाँसम्म आम्दानी गरिरहेका छन् । डाँडाबाग कृषि समूहमा २५ भन्दा बढी परिवार आबद्ध छन् ।

### तरकारी पकेट क्षेत्र बन्दै खार

नौगाड गाउँपालिकाले खार क्षेत्रलाई तरकारी पकेट क्षेत्र घोषणा गरेको छ । यहाँ अधिकांश घरमा पाँचदेखि सातवटासम्म पोलिहाउस छन् । किसानले परम्परागत खेती छोड्दै तरकारी मात्रै लगाउन थालेका छन् । नौगाड गाउँपालिका कृषि शाखा प्रमुख प्रकाशसिंह धामीका अनुसार हाल वडा नम्बर २ मा मात्रै १५० भन्दा बढी पोलिहाउसमा व्यावसायिक तरकारी उत्पादन भइरहेको छ । 'आगामी आवमा एक किसानलाई १० वटासम्म पोलिहाउस विस्तार गर्ने योजना छ,' उहाँले भन्नुभयो ।

गाउँपालिकाले सिँचाइ, बीउ, औषधि तथा क्षतिपूर्तिसम्बन्धी कार्यक्रम आगामी बजेटमार्फत ल्याउने जनाएको छ । रोग व्यवस्थापनका लागि कृषि प्राविधिक परिचालन गरिएको छ । योपटक थोरै किसानको तरकारीमा समस्या देखिएको छ । रोग लाग्न नदिन एकीकृत शत्रु व्यवस्थापन गरिएको धामीले बताउनुभयो । यो पूरै वडा तरकारी पकेट क्षेत्र हो । २५ देखि ३० परिवारलाई एउटा समूहमा राखेर तरकारी लगाउनेदेखि लिएर बीउ बिजन बजारीकरणसम्मको तालिम कृषक पाठशालामार्फत भइरहेको छ । यहाँका केही वडालाई आलुपकेट क्षेत्र घोषणा गरिएको छ । सडक सञ्जालले पनि गाउँपालिका जोड्दै गरेको अवस्थामा किसानलाई व्यवसायिक रुपमा आत्मनिर्भर बनाउने योजना गाउँपालिकाको रहेको धामीको भनाइ छ ।

### किसानको बारीमै पुगे सिडियो

नौगाड–२ दल्लेखका किसानका समस्या बुझ्न दार्चुलाका प्रमुख जिल्ला अधिकारी अनिल पौडेल स्वयं किसानको बारीमै पुगे । उहाँसँग कृषि तथा भेटेरिनरी कार्यालयका प्रमुख, प्राविधिक टोली तथा जिल्ला समन्वय समिति प्रमुख महादेव बड्‌ कश्यपलगायत सहभागी थिए । 'किसानको समस्या सुन्ने र समाधान के गर्न सकिन्छ भनेर जिल्लास्तरीय अनुगमन समिति बनाएर दल्लेख पुगेका हौँ,' प्रमुख जिल्ला अधिकारी पौडेलले भन्नुभयो, 'हामीले बोल्ने भन्दा पनि किसानको वास्तविक समस्या के छन्, त्यो पहिचान गरेर समस्या समाधानको लागि प्रयास गर्ने हो ।'

किसानहरूले सडक, बजार, सिँचाइ, बीउ र औषधि व्यवस्थापनलाई प्राथमिकतामा राख्न माग गरेका छन् । 'कालोपत्रे सडक भइदिएको भए आधा घण्टामै खलङ्गा पुग्थ्यौँ,' समूहका अध्यक्ष धनसिह सितोली भन्नुहुन्छ, 'बजारले चाहेको बेला अर्गानिक तरकारी पुर्‍याउन सक्थ्यौँ ।' अर्का किसान सरस्वती मन्याल तरकारी ढुवानीमा अनुदान दिनुपर्ने माग गर्नुहुन्छ । उहाँले भन्नुभयो, 'दल्लेखबाट खलङ्गासम्म एक क्रेट गोलभेंडाको गाडी भाडा एक सय रुपैयाँ लिन्छन् ।

मानिससँगै गए थप चार सय रुपैयाँ भाडा हुन्छ । सरकारले नै ढुवानी बिक्रीको व्यवस्थापन गरिदिए हामीहरुले पनि मेहनतअनुसारको मूल्य गाउँमै पाउँथ्यौँ ।' प्रमुख जिल्ला अधिकारी पौडेलले सडक नियमित सञ्चालनका लागि पहल भइरहेको बताउनुभएको छ । सम्बन्धित निकायलाई नियमित सडक सञ्चालनको लागि प्रयास भइरहेको छ ।

### भारतीय तरकारीमा रोक, स्थानीय किसानमा आशा

नेपाल सरकारले भारतबाट आयात हुने कृषिउपजमा रोक लगाएपछि स्थानीय किसानमा आशा पलाएको छ । सीमावर्ती जिल्ला दार्चुलाको बजार लामो समयदेखि भारतीय आलु, प्याज र गोलभेंडामा निर्भर थियो । अहिले भने स्थानीय उत्पादनले बजार पाउन थालेको किसानहरुको भनाइ छ ।

सरकारले जेठ २१ गतेबाट भारतबाट आयात हुने कृषिजन्य उपहरुको आयात व्यवस्थापनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन भन्दै आयातमा रोक लगाएको छ । 'कोरोनाको समयमा पनि हामीले उत्पादन गरेर बजार धानेका थियौँ,' डाँडाबाग कृषि समूहका अध्यक्ष धनसिंह सितोली भन्नुहुन्छ, 'सरकारले खरिद सुनिश्चित गरिदियो भने भारतीय तरकारीको विकल्प हामी बन्न सक्छौँ ।' यहाँ उत्पादन गरेका आलु, टमाटार बजारको लागि पर्याप्त हुन्छ । दार्चुलाको श्रीवगड, कोटकौतली, मुल्ला मैखाली, दत्तुको थाप्लालगायतमा किसानहरुले व्यावसायिक रुपमा तरकारीखेती गर्ने गरेका छन् । यसअघि किसानले नेपालमा बजार नपाउँदा भारतीय बजार लगेर आफ्नो उत्पादन बिक्री गर्दै आएका थिए ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ ।

# महाकाली पुलको गाइडबण्डको काम थाल्न मन्त्री लम्सालको निर्देशन



**महेन्द्रनगर ।** पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले कञ्चनपुरको महाकाली नदीमा निर्माण भएको चार लेनको पक्की पुलसँगै गाइडबण्डको निर्माण अघि बढाउन निर्देशन दिएका छन् । शुक्रबार बिहान कञ्चनपुरको भीमदत्त नगरपाकिला–१२ स्थित महाकाली नदीमा निर्माणाधीन चार लेन पुलको स्थलगत अनुगमनका क्रममा मन्त्री लम्सालले पुलसँगै गाइडबण्ड निर्माणका लागि नयाँ ठेक्का प्रक्रिया अघि बढाउन मातहत कार्यालयलाई निर्देशन दिएका हुन् ।

चार लेनको पक्की पुललगायत संरचना निर्माण ९५ प्रतिशत सकिएको भए पनि गाइडबण्ड निर्माणका विषयमा भने निर्माण कम्पनीसँग विवाद कायमै छ ।

गाइडबण्डको नयाँ डिजाइन र भेरियसन अर्डर (भिओ)को काम नभएको भन्दै पुल निर्माण कम्पनी कुमार(सिएफइसी जेभीले महाकाली पुल योजना कार्यालय कञ्चनपुरलाई २०८२ वैशाखमा पत्राचार गरेको थियो ।

उक्त विषय हाल मध्यस्त न्यायाधिकरणमा छलफलमा छ । मन्त्री लम्सालले निर्माण कम्पनीले नै ठेक्का तोडेपछि नयाँ ठेक्का प्रक्रियामा जानुपर्ने धारणा राखे । सडक विभाग आफैँले काम गर्छ, मध्यस्त न्यायाधिकरण कुर्नु पर्दैन, मन्त्री लम्सालले भने, नयाँ ठेक्का प्रक्रिया अघि बढाउनु । तीन अर्ब ७७ करोड लागत अनुमानको उक्त पुलको काम तीन वर्षअघि नै ९५ प्रतिशत सम्पन्न भइसकेको थियो ।

मन्त्री लम्सालले कञ्चनपुरमा निर्माणाधीन दोधारा चाँदनी सुक्खा बन्दरगाह र मझगाउँ विमानस्थलको समेत स्थलगत अनुगमन गरेका छन् । निर्माणाधीन विमानस्थल अनुगमनका क्रममा उहाँले विमानस्थलका लागि नेपाली सेनाको मातहतमा रहेको जग्गा अधिग्रहणको विषय चाँडै समाधान गरिने बताए । रासस

# विनियोजन विधेयक, २०८३ माथि विचार गरियोस् भन्ने प्रस्ताव स्वीकृत

**काठमाडौँ ।** प्रतिनिधिसभाको शुक्रबारको बैठकले 'विनियोजन विधेयक, २०८३ माथि विचार गरियोस्' भन्ने प्रस्तावलाई सर्वसम्मतिले स्वीकृत गरेको छ । त्यसअघि अर्थमन्त्री डा स्वर्णिम वाग्लेले 'विनियोजन विधेयक, २०८३ माथि विचार गरियोस्' भन्ने प्रस्ताव पेस गरेका थिए ।

सांसदहरूको जिज्ञासाको जवाफमा अर्थमन्त्री डा वाग्लेले मन्त्रालयगत छलफलका क्रममा विनियोजनका धेरै विषयमा प्रष्ट हुने बताए । उनले मध्यमवर्गको विस्तारलाई बजेटले प्राथमिकतामा राखेको भए पनि गरिब र कमजोर वर्गलाई नछाडेको स्पष्ट पारे ।

विनियोजन विधेयक, २०८३ माथि विचार गरियोस् भन्ने प्रस्तावमाथिको छलफलमा भाग लिँदै सांसद वासना थापाले शिक्षा र स्वास्थ्यमा उल्लेख्य मात्रामा बजेट विनियोजन गर्नुपर्नेमा त्यसो हुन नसकेको धारणा राखिन् ।

सांसद रेणुका काउचाले दीर्घकालीन ऋणको बोझ हटाउनेतर्फ सरकारले बजेटले कुनै ध्यान नदिएको गुनासो गरिन् । उनले ऊर्जा, कृषि, पर्यटन पूर्वाधार विकासमा ध्यान दिन र सोही क्षेत्रमा लगानीको वातावरण बनाउनुपर्नेमा जोड दिइन् । सांसद गोपाल शर्माले विनियोजन विधेयकमा चालु खर्च र पुँजीगत खर्चमा सन्तुलन नभएको, पुँजीगत खर्च हुन नसक्नुको कारण खोजी नभएको, स्थानीय तहलाई दिनुपर्ने अनुदान घटेको टिप्पणी गरे ।

सांसद नरेन्द्रकुमार केरुङले स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाउन थप स्रोतको प्रबन्ध गर्न माग गरे । उनले कर प्रणालीलाई सहज बनाउनका लागि कर्मचारीहरूलाई दक्ष बनाउनुपर्ने धारणा राखे । सांसद पुष्पराज कँडेलले राष्ट्रिय गौरवका आयोजनालाई शीघ्र रुपमा सम्पन्न गर्नका लागि यथेष्ट मात्रामा बजेट विनियोजन गर्नुपर्ने बताए । शिक्षा, स्वास्थ्य, कृषिमा बजेट नबढेको तर्क गर्दै उनले बुढीगण्डकी जलविद्युत् आयोजनालाई प्रभावकारी रूपमा अगाडि बढाउनुपर्ने बताए ।

सांसद कृष्णहरि बुढाथोकीले सीमित स्रोतको सदुपयोग गर्दै पूर्वाधार विकासको कामलाई थप प्रभावकारी बनाउनुपर्ने धारणा राखे । विकास निर्माणलाई बाह्रै महिना सञ्चालन हुने वातावरण बनाउनुपर्ने उनको कथन छ ।



सांसद पार्वती विकले जाजरकोटका भूकम्पपीडितले हालसम्म पनि राहत पाउन नसकेकामा गुनासो गर्दै यथेष्ट बजेट उपलब्ध गराउन माग गरिन् ।

सांसद राजेन्द्रकुमार राईले विनियोजन विधेयकले स्पष्ट रूपमा मार्गदर्शन गर्न नसकेको, प्राथमिकता निर्धारण हुन नसकेको तर्क गरे । सांसद गणेश विकले विनियोजन विधेयकमा कुनै पनि सङ्गति नभएको धारणा राख्दै दलित समुदायका लागि आर्थिक सामाजिक न्याय दिनुपर्ने बताए । सांसद आरेन राईले आदिवासी जनजाति उत्थान प्रतिष्ठानमा बजेट नराखिएकामा प्रश्न गरे ।

सांसद गुरुप्रसाद बरालले बाँझो जमिनमा खेती गर्ने, सिँचाइ प्रणालीमा सुधार गर्ने गरी बजेटको प्रबन्ध गर्नुपर्ने बताए । गरिब र कमजोर वर्गलाई बजेटले ध्यान दिन नसकेको भन्दै उनले समग्रमा मध्यम वर्गको पनि हितमा नरहेको धारणा राखे । शाजिदा खातुन सिद्धिकीले मदरसा शिक्षाको सुधारका लागि थप कार्यक्रम आवश्यक रहेको बताइन् । सांसद यशोदाकुमारी बरालले भौगोलिक रूपमा विकट कर्णाली प्रदेशलाई सहज र सरल रूपमा अगाडि बढाउनेगरी बजेट विनियोजन हुन नसकेको गुनासो गरिन् ।

सांसद हर्कराज राईले आत्मनिर्भर बन्नेगरी अर्थनीति बनाउनुपर्ने धारणा राखे । शिक्षा नीतिमा आमूल सुधार गर्नुपर्ने, गरिखान सिकाउने प्रणालीमा ध्यान दिनुपर्ने तर्क गर्दै विदेशी ऋण क्रमशः घटाउँदै लैजानुपर्ने उल्लेख गरे ।

सांसद खुश्बु ओलीले संसद्ले पारित गरेको बजेटलाई कार्यपालिकाले परिवर्तन गर्ने अधिकार राखिँदा संशय पैदा भएको बतायन् । सांसद पवित्रा विक, हरिनादेवी कामी, गङ्गालक्ष्मी अवाललगायतले विनियोजन विधेयकका विभिन्न शीर्षकमाथि आफ्नो धारणा राखेका थिए । रासस

## राष्ट्रियसभाः

# मिटरब्याजीपीडितले न्याय पाउन्, जनताले पूरै ग्यास प्रयोग गर्न पाउन्



**काठमाडौँ ।** राष्ट्रियसभाको बैठकको शून्य समयमा सांसदहरूले मिटरब्याजी पीडितले न्याय पाउनेदेखि जनताले पूरै ग्यास सिलिन्डर पाउनुपर्ने जनसरोकारका विषय उठाएका छन् ।

सांसद पूजा चौधरीले मिटरब्याजसम्बन्धी सबै मुद्दा यथाशीघ्र सुनुवाइ हुनुपर्ने बताएकी छिन् । उनले मिटरब्याज पीडितको न्यायका लागि गठन भएको छानबिन आयोग पूर्ण रूपमा कार्यान्वयन गरी दोषीमाथि कारवाही गर्न ध्यानार्कषण गराइन् । सांसद सावित्री मल्लले जनस्तरमा आधा सिलिन्डर ग्यासको वितरण कार्यले जनता मारमा परेको बताउँदै पूरै ग्यास सुविधा उपलब्ध गराउन माग गरिन् ।

सांसद विष्णुबहादुर विश्वकर्माले कालीकोटमा भएको भीषण बर्साका कारण नष्ट भएको खेती, भत्किएको बाटोघोटो र सडक मर्मत गर्न आग्रह गरे । सांसद श्रीकृष्णप्रसाद अधिकारीले अर्थ विधेयकमा देखिएको कर दरको हेरफेर सुधारमा जोड दिए । सांसद विष्णुकुमारी सापकोटाले प्रधानमन्त्रीले देशको सीमासम्बन्धी अभिव्यक्तिबारे आपत्ति जनाउँदै सरकारको सीमासम्बन्धी स्पष्ट धारणा उपलब्ध गराउनुपर्ने बताइन् ।

बैठकमा प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षामन्त्री सीता वादीले 'राष्ट्रिय समावेशी आयोगको आव २०८१÷८२' को सातौँ वार्षिक प्रतिवेदन सभा समक्ष पेस गरिन् । रासस

# बेरुजुको समस्या नीतिगत तथा व्यवहारिक रुपमा सम्बोधन गर्न जोड

**काठमाडौँ ।** सार्वजनिक लेखा समितिले बेरुजुका विषयमा देखिएको नीतिगत तथा व्यवहारिक समस्या सम्बोधन गर्नुपर्नेमा जोड दिएको छ । प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिको आजको बैठकमा छलफलमा समिति सभापति भरतबहादुर खड्काले विभिन्न सरकारी निकायसँग बेरुजुको विषयमा आवश्यक जानकारी दिएर बेरुजु फस्यौटको लागि आवश्यक नीतिगत तथा कानुनी सुधार गर्नुपर्ने आवश्यकता औँल्याए ।

विभिन्न सरकारी निकायसँग रहेको बेरुजुको अवस्थाको विषयमा समितिको आजको बैठकमा जानकारी लिएका छौँ, उनले भने, सरोकारवाला निकायबाट आएका बेरुजुको समस्याको विषयमा घनिभूत छलफल गरेर बेरुजु न्यूनीकरणका लागि प्रभावकारी गृहकार्य गरेर घटाउनेतर्फ अग्रसर हुनेछौँ । त्यस अवसरमा नेपाली सेनाका सेनापति अशोकराज सिग्देलले नेपाली सेनाले चालु आर्थिक वर्षमा बाँकी रहेको बेरुजुमध्ये ६० प्रतिशत फछ्र्यौट गर्ने लक्ष्य राखेकोमा हालसम्म पनि ११ प्रतिशत मात्रै पूरा भएको बताए ।

नेपाली सेनाअन्तर्गत वर्षौँदेखि विभिन्न शीर्षक र क्षेत्रगतअन्तर्गत रहँदै आएको रु पाँच अर्ब ३० करोड बढीको बेरुजु रहेको छ, उनले भने, "काठमाडौँ–तराई÷मधेस द्रुतमार्गअन्तर्गत भएको बेरुजु फछ्र्यौटमा केही प्राविधिक उल्झन छ । बाँकी रहेका बेरुजुलाई आवश्यक प्रक्रिया पूरा गरेर टुङ्गो लगाउने प्रयत्न गरिरहेका छौँ । उनले चालु आवको असार मसान्तसम्म करिब १५ प्रतिशत बेरुजु फछ्र्यौट गर्ने लक्ष्य राखेको बताए ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयका सचिव राजेन्द्रप्रसाद मिश्रले साविकको कृषि मन्त्रालयतर्फ रु छ अर्ब ३५ करोड बेरुजु रहेकोमा हालसम्म ४० दशमलव २८ प्रतिशत फछ्र्यौट गरेको बताए । उनले साविकको वन मन्त्रालयतर्फ पनि रु ५६ करोड बेरुजु रहेकोमा १६ प्रतिशत मात्रै बेरुजु फछ्र्यौट गरेको बताए ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव विनोदकुमार भट्टराईले मन्त्रालयअन्तर्गत असुलउपर गर्नुपर्ने बेरुजु रु दुई सय छ रकम मात्रै रहेको बताए । कानुन मन्त्रालयअन्तर्गत गत आवमा बेरुजु शून्य रहेको छ । यद्यपि अहिले मन्त्रालयसँग अति नै न्यून रकम भएकाले पनि यही आवभित्रै बेरुजु रकम शून्य बनाउनेछौँ ।

सङ्घीय संसद् सचिवालयका सचिव डा रोजनाथ पाण्डेले सङ्घीय संसद् सचिवालयको बेरुजु रकम रु दुई करोड ४० लाख ६१ हजार रहेको उल्लेख गर्दै सांसदहरुको उपचार



खर्चमा रकम दाबी गर्र्ने समय अघिल्लो आर्थिक वर्ष र भुक्तानी चालु आर्थिक वर्षमा हुँदा पनि संसद् सचिवालयसँग बेरुजु देखिएको बताए । परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईले मन्त्रालयअन्तर्गत रहेका विभिन्न निकायसँग तीन अर्ब आठ करोड रकम बेरुजु रहेको उल्लेख गर्दै चालु आवको अन्त्यसम्म ४३ प्रतिशत बेरुजु रकम फछ्र्यौट गर्ने योजना रहेको बताए । मन्त्रालय मातहतका निकायसँग रहेको बेरुजु अहिलेसम्म ३० प्रतिशत फछ्र्यौट भइसकेको छ, उनले भने ।

सर्वोच्च अदालतका रजिष्ट्रार भद्रकाली पोखरेलले सर्वोच्च अदालत मातहतमा रहेका बेरुजु रकम फछ्र्यौट गर्नका लागि आवश्यक कार्ययोजना अघि बढाएको जानकारी दिए । युवा, श्रम तथा रोजगार मन्त्रालयका सचिव डा दीपक काफ्लेले मन्त्रालय मातहत ९९ करोड बेरुजु रहेकोमा २२ प्रतिशत फछ्र्यौट गरेको जानकारी दिए । मन्त्रालय मातहत रहेको वैदेशिक रोजगार बोर्ड मातहतमा मात्रै करिब ५५ करोडभन्दा धेरै बेरुजु छ, उनले भने, मन्त्रालय मातहतको सिनियर म्यानेजमेन्ट टिमको बैठकमार्फत बेरुजु फछ्र्यौटको विषयमा नियमित छलफल गर्दै आइरहेका छौँ ।

विज्ञान प्रविधि तथा नवप्रवर्तन मन्त्रालयका सचिव प्रमिला बज्राचार्यले साविकको विज्ञान प्रविधि मन्त्रालय मातहत करिब रु १७ करोड ९३ हजार बेरुजु रहेको बताइन् । सूचना तथा सञ्चार मन्त्रालयका सचिव लक्ष्मीकुमारी बस्नेतले मन्त्रालय मातहत विभिन्न शीर्षकमा ३० अर्ब २९ करोड रकम बेरुजु रहेकामा पाँच दशमलव ६४ प्रतिशतअर्थात् एक अर्ब ६५ करोड फछ्र्यौट भएको बताइन् । उजले मन्त्रालय मातहत सबैभन्दा धेरै बेरुजु भने दूरसञ्चार प्राधिकरण मातहत भने १६ अर्बभन्दा धेरै रहेको उल्लेख गरिन् ।

रक्षा मन्त्रालयका सचिव केदारनाथ शर्माले मन्त्रालय मातहत रहेको बेरुजु चालु आवमा करिब ३० प्रतिशत फछ्र्यौट गर्ने लक्ष्य राखेको बताए । महालेखा परीक्षकको ६३औँ प्रतिवेदनअनुसार रु सात खर्ब ५५ अर्ब १७ करोड बेरुजु छ । रासस

## प्रतिनिधिसभाः

# सांसदद्वारा शुद्धपानीदेखि सार्वजनिक, शौचालय व्यवस्थापनको विषय उठान

**काठमाडौँ ।** प्रतिनिधिसभाको शुक्रबारको बैठकको शून्य समयमा सांसदहरुले शुद्ध खानेपानीदेखि राजमार्गमा सार्वजनिक शौचालयको व्यवस्थापन गर्नुपर्नेलगायतका जनसरोकारका विषय उठान गरेका छन् । सांसद आशिका तामाङले राजमार्गमा प्रत्येक एक सय मिटरको दूरीमा सार्वजनिक शौचालय निर्माण गर्न माग राखिन् । सांसद अम्बिका विकले पानी उत्पादन गर्ने कम्पनीलाई गुणस्तरता कायम गर्न र पिउने योग्य पानी आमनागरिकको पहुँचमा पुग्न सक्ने वातावरण सिर्जना गर्न माग गरिन् ।

सांसद अनुष्का श्रेष्ठले नेपाल सरकारको सबै वेबसाइटलाई चुस्त र प्रभावकारी बनाउनु आग्रह गरिन् ।

सांसद डा अमरेशकुमार सिंहले सुशासनको लागि राष्ट्रिय सदाचार नीति अवलम्बन र सरकारी सार्वजनिक गुठी जग्गाको प्रतिवेदन कार्यान्वयन गर्न माग गरे ।

सांसद अम्बिकादेवी सङ्ग्रौलाले विभिन्न संस्थामा हाल रिक्त भएका पदहरु पूर्ति गर्न माग गरिन । सांसद अरबिन्द साहले शिक्षा, स्वास्थ्य, मालपोतलगायत क्षेत्रको सेवामा गुणस्तर कायम हुनुपर्ने बताए । सांसद डा अर्जुनकुमार कार्कीले शिक्षा प्रणालीको सुधारबारे शिक्षकको उच्च मनोबल बढाउन आग्रह गरे । सांसद अर्जुननरसिंह केसीले जनताप्रति प्रधानमन्त्रीको जवाफदेहिताको माग गरे । सांसद आकृति अवस्थीले विमानस्थलहरुमा हुने उडानको ढिलाइका कारण यात्रुहरुले भोग्नुपरेको सास्तीबारे ध्यानार्कषण गराए ।

सांसद आनन्दबहादुर चन्दले तरकारी विषादी जाँच प्रयोगशालाको गुणस्तरीयताको विषय उठाए । सांसद् आरेन राईले बाँदर व्यवस्थापन कहिले हुन्छ सरकार ? भनी प्रश्न गरे । सांसद आशा झाले जीर्ण अवस्थामा रहेको विराटनगर जुटमिल सञ्चालन गर्न जोड दिइन् । सांसद ऐनबहादुर महरले सरकारको बजेट, नीति तथा कार्यक्रममा बझाङ जिल्ला समेटिनुपर्ने बताए । सांसद ओजस्वी शेरचनले मेडिकल क्षेत्रमा कार्यघण्टा व्यवस्थित गर्न र उचित पारिश्रमिक व्यवस्थापन गर्न माग राखिन् ।

सांसद अङ्किता ठाकुरले रात्रिकालीन भत्ता वृद्धि सबै स्वास्थ्यकर्मीमा समान रुपमा लागू गर्न आग्रह गरिन् । सांसद खुश्बु ओलीले राज्यले दिने कृषि अनुदान वितरणमा हुँदै आएको विकृतिबारे ध्यानार्कषण गराइन् ।

सांसद गणेश कार्कीले पूर्वाञ्चल विश्वविद्यालयको बेथिति सुधार्न सरकारको ध्यानकेन्द्रित गरे । सांसद गणेश पौडेलले रौतहट जिल्लाका नदी दोहन भइरहेको बताउँदै गैरकानुनी रुपमा क्रसर प्रयोग कार्य नियन्त्रण गर्न ध्यानार्कषण गराए । सोही समयमा सांसद गणेशबहादुर विश्वकर्मा, गणेशसिंह ठगुन्ना, गीताकुमारी सेन्दाङ, गुरुप्रसाद बरालले विपी राजमार्ग अत्यन्त दूरावस्थामा रहेको बताउँदै छिटोभन्दा छिटो मर्मत गर्न सरकार समक्ष आग्रह गरे ।

यसैगरी, सांसद गोपाल शर्मा, गोविन्द पन्थी, गङ्गादेवी श्रेष्ठ, गङ्गालक्ष्मी अवाल, चन्दनकुमार सिंह, चन्द्रेश्वर मण्डल, एशुदाकुमारी बराल र गणेश धिमाल, कन्हैया बनिया, कमल सुवेदी, कामिनी कुमारी, कालीबहादुर सहकारी, कुलभक्त शाक्य, कुशुम महर्जन, कृपा महर्जन, कृपाराम राना, कृष्णहरि बुढाथोकी, केपी खनाल, खगेन्द्र कर्ण, खगेन्द्र सुनार, खडकबहादुर बुढा, खड्ग शाहीले सार्वजनिक सरोकारका विषयमा ध्यानर्कषण गराएका थिए । बैठकमा अहिले विनियोजन विधेयक २०८३ माथि सैद्धान्तिक छलफल जारी रहेको छ । रासस

# बाख्राले दिलाएको सम्मान र सन्तुष्टि



**म्याग्दी ।**
म्याग्दीको रघुगङ्गा गाउँपालिका–३ राहुघाटका भरत मल्लले पोर्चुगलको (पीआर) स्थायी बसोबासको सुविधा त्यागेर जन्मथलोमा बाख्रापालन गरेका छन् । विसं २०७६ देखि करिब २०८० सम्म पोर्चुगलमा बसेका ६३ वर्षीय मल्लले जन्मथलो फर्किएर पुरानै बाख्रापालन व्यवसायलाई निरन्तरता दिएका हुन् । छोराछोरी विदेशमै बसे पनि आफूलाई जन्मथलोकै व्यवसाय सम्मानजनक लागेर फर्किएको बताए ।

पहिले साउदीबाट आएर राहुघाटमा जग्गा किनेर बाख्रा र कुखुरापालन गरेको थिएँ, उनले भने, छोराछोरीले पोर्चुगल बोलाएपछि करिब १४–१५ महिना त्यहाँ बसेँ, घुमे । पिआर कार्ड पनि बनाएँ । घर आएपछि फर्किएर पोर्चुगल जान मन लागेन । सम्मान र सन्तुष्टिका लागि बाख्रापालनलाई निरन्तरता दिएको हो । पोर्चुगल जानुअघि मल्लले २०६८ सालमा रघुगङ्गा बाख्रा तथा कृषि फार्म स्थापना गरेर बाख्रा, कुखुरापालन, मासु पसल सञ्चालन गर्दै आएका थिए । हाल ९१ वटा बाख्रा भएको मल्लको फार्मबाट वार्षिक २५ देखि ३० वटा खसीबोका बिक्री हुन्छ । खसीबोकाकै हाराहारीमा पाल्नका लागि उन्नत जातका पाठापाठी पनि किसानले लैजाने गरेका छन् । उनको फार्ममा स्थानीय जमुनापारी, सिनाल र बोयर जातका बाख्रा छन् । फार्ममा उनका परिवारका दुई जना सदस्यबाहेक थप दुई जनालाई रोजगारी दिएका छन् । मासुका लागि प्रतिकिलो छ सय र नश्ल सुधार गरेका पाठापाठीलाई प्रतिकिलो आठ सयदेखि एक हजारका दरले गोठबाटै बिक्री हुने गरेको मल्लले बताए । उनका अनुसार फार्ममा करिब ५० लाखभन्दा बढी लगानी भएको छ ।

उनले घरवरिपरी प्रशस्त पाखोबारी भएकाले चरनमा आधारित बाख्रापालनगरेका थिए । खोरभित्र उमेर समूहअनुसार पाठापाठी, माउ बाख्रा, खसीबोका राख्ने छुट्टाछुट्टै कोठा छन् । गलेश्वर र बेनी उनले उत्पादन गरेका खसीबोकाको बजार हुन् । व्यापारी गोठमै आएर खसीबोका किनेर लैजान्छन् । विदेशमा स्थायी बसोबासको अवसर हुँदाहुँदै पनि मल्लले जन्मथलो फर्केर बाख्रापालनलाई निरन्तरता दिएकाले कृषि क्षेत्रमा अवसर र आत्मसन्तुष्टि दुवै प्राप्त गर्न सकिन्छ भन्ने उदाहरण प्रस्तुत भएको छ । स्थानीय स्रोतसाधन, पाखोबारी र चरनको सदुपयोग गरेर रोजगारी सृजना, आयआर्जन र उद्यमशीलता विकास गर्न सकिने उनको सन्देश छ ।

युवापुस्तासहित वैदेशिक रोजगारीमा रहेका नेपालीहरूलाई स्वदेश फर्केर उत्पादनमुखी क्षेत्रमा लगानी गर्न प्रेरित गर्ने मेरो प्रयास हो, मल्लले भने, विदेशको सुविधाभन्दा आफ्नै गाउँमा कृषि उद्यमबाट प्राप्त हुने सम्मान, आत्मसन्तुष्टि र आत्मनिर्भरता ठूलो हुने महसुस गरेको छु । रासस

# इरान–अमेरिका सम्झौता अन्योलमा



**वासिङ्टन ।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले निकट दिनमा इरानसँग सम्झौता हुन सक्ने दाबी गर्दै सैन्य आक्रमणको धम्की स्थगित गरिएको बताए पनि तेहरानले भने कुनै अन्तिम निर्णयमा नपुगेको स्पष्ट पारेको छ । मध्यपूर्वमा जारी तनाव अन्त्य गर्ने भनिएको सम्भावित सम्झौताबारे दुवै पक्षका फरक–फरक दाबी सार्वजनिक भइरहेका छन् ।

तेहरानस्थित विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाकाईले शुक्रबार वार्ता जारी रहे पनि सम्झौतामा अन्तिम निष्कर्षमा नपुगेको बताए । उनका अनुसार अधिकांश विषयमा सहमति नजिक पुगे पनि अमेरिकी पक्षले नयाँ माग राखेपछि प्रक्रिया अवरुद्ध भएको हो । राष्ट्रपति डोनाल्ड ट्रम्पले भने सम्झौता 'उच्च राजनीतिक तहमा स्वीकृत' भइसकेको दाबी गर्दै इरानमाथि तय गरिएको आक्रमण र बमबारी रोकिएको घोषणा गरेका छन् । उनले हस्ताक्षरको समय र स्थान चाँडै सार्वजनिक गरिने बताउँदै वार्ता सकारात्मक दिशामा अघि बढिरहेको सङ्केत गरे । ट्रम्पका अभिव्यक्तिपछि अन्तर्राष्ट्रिय वित्तीय बजारमा तत्काल प्रभाव देखिएको छ, जसअनुसार सेयर बजारमा वृद्धि र तेलको मूल्यमा गिरावट आएको छ ।

सम्भावित सम्झौतामा अमेरिका र क्षेत्रीय सहयोगीहरू, विशेषगरी इजरायल समेत सहभागी रहेको ट्रम्पको दाबी छ । उनका अनुसार वार्ताका मुख्य बुँदा र विस्तृत रूपरेखा सबै पक्षबाट स्वीकृत भइसकेका छन् ।

तर इरानले उक्त दाबी अस्वीकार गर्दै सम्झौता अझै टुङ्गोमा नपुगेको स्पष्ट पारेको छ । तेहरानले अमेरिकी पक्षले बारम्बार अडान परिवर्तन गर्ने गरेको आरोप लगाउँदै वार्ता जटिल बन्दै गएको जनाएको छ । इरानी सञ्चारमाध्यमले ट्रम्पले पछिल्ला महिनामा दर्जनौँ पटक सम्झौता नजिक पुगेको दाबी दोहो¥याएको उल्लेख गर्दै त्यसप्रति शङ्का व्यक्त गरेका छन् । यसैबीच राष्ट्रपति ट्रम्पले इरानी सर्वोच्च नेतृत्वले सम्झौता स्वीकार गरेको जस्तो आफूले बुझ्ने बताएका छन् । उनले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुसँग पनि छलफल भएको उल्लेख गर्दै सम्झौतामा इरानको समृद्ध आणविक सामग्री हटाउने र मिसाइल पूर्वाधार निष्क्रिय गर्ने विषय समावेश हुने बताए ।

क्षेत्रीय कूटनीतिक प्रयास पनि तीव्र बनेको छ । पाकिस्तान र कतारको मध्यस्थतामा ब्याक–च्यानल वार्ता अघि बढिरहेको बताइएको छ भने इजिप्टले पनि दुवै पक्षलाई उपलब्ध अवसरको सदुपयोग गर्न आग्रह गरेको छ ।

फेब्रुअरी २८ मा इरानमाथि भएको अमेरिका–इजरायल संयुक्त आक्रमणपछि सुरु भएको भनिएको युद्ध अप्रिलको युद्धविरामपछि रोकिएको भए पनि स्थायी समाधान अझै नदेखिएको अवस्थामा पछिल्लो कूटनीतिक पहल आएको हो । तेहरानमा भने नागरिकहरू युद्ध र आर्थिक दबाबले निराश बनेका छन् । एक स्थानीय ३५ वर्षीय फार्मासिस्ट माजिदले दुई देशबीचको दूरी अझै ठूलो भएकाले तत्काल सम्झौतामा विश्वास गर्न नसकिने बताएका छन् ।

यता इरानी सैन्य नेतृत्वले अमेरिकाले पुनः आक्रमण गरे कडा प्रतिकार हुने चेतावनी दिएको छ । साथै इरानले हर्मुज जलघाँटीमा निगरानी कडा बनाउँदै तेल तथा ग्यास ढुवानी मार्ग 'अर्को सूचना नआउन्जेल' सीमित गरिएको जनाएको छ, जसले विश्व ऊर्जा बजारमा थप दबाब सिर्जना गरेको छ । ट्रम्पको आशावादी दाबी र तेहरानको अस्वीकारबीच मध्यपूर्वको कूटनीतिक वातावरण अझै अनिश्चित बनेको छ । रासस

# धरानको पिण्डेश्वर बाबाधाममा तीर्थालु र पर्यटकको आकर्षण बढ्दो



**सुनसरी ।**
धरान उपमहानगरपालिका–१४ विजयपुरमा अवस्थित ऐतिहासिक तथा पौराणिक महत्वको अमृतपिण्ड पिण्डेश्वर बाबाधाम आन्तरिक तथा बाह्य धार्मिक पर्यटकको प्रमुख गन्तव्यका रूपमा स्थापित हुँदै गएको छ । मुलुकका विभिन्न जिल्लाका साथै छिमेकी भारतका सिक्किम, दार्जिलिङलगायत स्थानबाट यहाँ आउने तीर्थालुको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको धरान उपमहानगरपालिका–१४ का वडाध्यक्ष कृष्णप्रसाद भट्टराईले बताए ।

चारैतिर बाक्लो जङ्गल, वरपीपलका रुख र चौताराले घेरिएको विजयपुर डाँडामा अवस्थित यो मन्दिर पूजापाठका साथै घुमफिर र मानसिक शान्तिका लागि पनि यात्री बाबाधाममा आउने गरेका उनी बताउँछन् । विशेषगरी तराईमा तापक्रम बढ्दै जाँदा यहाँको शीतल वातावरण र हरियालीको आनन्द लिन टाढाटाढाबाट आन्तरिक पर्यटकको आउने गरेका गरेका छन् । मन्दिर परिसरबाट धरान बजार, चारकोशे जङ्गल र इटहरी क्षेत्रको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ । यहाँ पूजापाठ गर्दा मनोकामना पूरा हुने जनविश्वास छ । धरान–१६ की पवित्रा श्रेष्ठ पिण्डेश्वर बाबाधाममा मागेको कुरा पूरा हुने विश्वासका कारण आफू नियमित रूपमा त्यहाँ भोलेबाबाको आराधनाका निम्ति जानेगरेको बताउँछन् । हरियाली र शान्त वातावरणले पनि उनलाई पिण्डेश्वर क्षेत्रले आकर्षित गर्छ । विराटनगरबाट शिवाराधनाका निम्ति परिवारसहित आएकी सुनिता श्रेष्ठ यहाँ पूजा गरेपछि मन शान्त हुने र सोचेका काम पूरा हुने बताउँछन् । पुराणमा वर्णनभएअनुसार समुद्र मन्थन गर्दा निस्किएको कालकुट विष भगवान् शिवले आफ्नो कण्ठमा धारण गरेको थियो । त्यसपछि निस्किएको अमृत भगवान् विष्णुले देवताहरूलाई मात्र पान गराएको र बाँकी रहेको अमृतको पिण्ड फालिएको स्थानमा पिण्डेश्वर महादेवको उत्पत्ति भएको मानिन्छ । यहाँ अमृतपिण्डका रूपमा भगवान् शङ्करको पूजार्चना गरिन्छ । पिण्डेश्वर बाबाधाम समितिकी सदस्य रन्जिता कटुवालका अनुसार मन्दिरमा दैनिक सरदर एक हजारभन्दा बढी दर्शनार्थी आउने गरेका छन् । यो सङ्ख्या सोमबार र शनिबार भने तीन हजार नाघ्ने गरेको छ । पितृलाई प्रशन्न तुल्याउन श्राद्ध गर्नेहरूको पनि यहाँ उल्लेखनीय भीड हुने गरेको छ । साथै यहाँ आर्थिक गतिविधिले पनि गति लिएको छ ।

विगत २१ वर्षदेखि पसल सञ्चालन गर्दै आउनुभएकी इन्दिरा खड्काले शनिबार र सोमबार आफूहरूलाई भ्याइनभ्याई हुने बताए । उनले दिङ्लाबाट रुद्राक्ष खरिद गरी आफैँ माला तथा डाली तयार गरेर बिक्री गर्दै आएको छ । हाल पिण्डेश्वर बाबाधाम परिसरमा त्यस्ता ३० वटा फूल पसल सञ्चालनमा छन् । बाहिरबाट हेर्दा पिण्डेश्वर मन्दिर साना देखिए पनि भित्र सानाठूला१० भन्दा बढी मन्दिर छन् । शिवालयको द्वारमा स्थापना गरिएको भीमकाय नन्दीको प्रतिमा, मन्दिरको पश्चिमतर्फ ऐतिहासिक पोखरी र इनार तथा त्यसको मध्यभागमा स्थापित देवी सरस्वतीको मूर्ति साँच्चै चित्ताकर्षक छ । विशेषगरी साउनको पहिलो र अन्तिमसोमबार, अष्टमी, कात्तिक पूर्णिमा, माघे सङ्क्रान्ति, महाशिवरात्रि तथा तीजजस्ता पर्वमा यहाँ भक्तजनको ठूलो भीड लाग्ने गरेको छ । साउनमा खाली खुट्टा सप्तकोशीबाट जल ल्याएर पिण्डेश्वरबाबालाई अर्पण गर्ने भक्तहरूको पनि भीड लाग्ने गरेको छ । यसरी महादेवलाई जल चढाउँदा पाप पखालिने र मनोकामना पूरा हुने उनीहरूको विश्वास छ । प्रत्येक छ वर्षमा चतरा धाममा लाग्ने 'पिण्डेश्वर अर्धकुम्भ मेला' तथा प्रत्येक १२ वर्षमा एक महिना सञ्चालन हुने 'पिण्डेश्वर पूर्ण महाकुम्भ' मा पनि असङ्ख्य भक्तजन यहाँ आउने गरेका छन् । रासस

# फिफा विश्वकपः
# दक्षिण कोरियाको विजयी सुरुआत



**मेक्सिको ।**
विश्वकपमा दक्षिण कोरियाले आफ्नो अभियानको शानदार सुरुआत गर्दै चेक गणतन्त्रलाई २–१ ले पराजित गरेको छ । अन्तिम १० मिनेटमा निर्णायक गोल गर्दै कोरियाले कठिन प्रतिस्पर्धामा महत्त्वपूर्ण तीन अङ्क जोडेको हो ।

खेलको अधिकांश समय चेक गणतन्त्र दबाबमा रहेको देखिए पनि अन्तिम क्षणसम्म खेल अनिश्चित बनेको थियो । ८० औँ मिनेटसम्म चेकले खेल आफ्नो पक्षमा मोड्ने सङ्केत दिएको थियो, तर प्रतिस्थापन खेलाडी ओह ह्योन–ग्यूले निर्णायक गोल गर्दै कोरियालाई जित दिलाए ।

दक्षिण कोरियाले खेलको सुरुआतदेखि नै प्रभुत्व जमाएको थियो । स्टार खेलाडी सोन ह्युङ–मिनको नेतृत्वमा कोरियाली टोलीले पहिलो हाफमा लगातार आक्रमण गरे पनि गोल गर्न सकेको थिएन ।

उनले गरेको एक शक्तिशाली प्रहार बारमा लागेर फर्किएको थियो भने अर्को प्रयास थोरै फरक दिशामा गएको थियो ।

दोस्रो हाफमा चेक गणतन्त्रले अग्रता लिएको थियो । लाडिस्लाव क्रेज्चीले गोल गर्दै आफ्नो टोलीलाई अग्रता दिलाएको थियो, जसपछि खेलमा तनाव थपिएको थियो । तर कोरियाले दबाब बढाउँदै पुनरागमन ग¥यो । ह्वाङ इन–बिओमले ६७ औँ मिनेटमा सुन्दर प्रहार गर्दै बराबरी गोल गरे, जसले कोरियाली समर्थकमा उत्साह भरेको थियो ।

त्यसपछि चेक रक्षापङ्क्तिको कमजोरीको फाइदा उठाउँदै ह्वाङले नै निर्णायक पास उपलब्ध गराए, जसलाई ओह ह्योन–ग्यूले दायाँतर्फबाट आएको बललाई सहजै गोलमा परिणत गरे ।

खेलको अन्त्यतिर तनावपूर्ण अवस्था सिर्जना भए पनि दक्षिण कोरियाले अग्रता जोगाउँदै जित सुनिश्चित ग~यो । अन्तिम सिटी बज्नेबित्तिकै कप्तान सोन ह्युङ–मिनले मैदानमै खुसी व्यक्त गरे ।

यस जितसँगै दक्षिण कोरियाले आफ्नो अर्को खेल सह–आयोजक मेक्सिकोसँग खेल्नेछ । मेक्सिकोले यसअघि दक्षिण अफ्रिकालाई २–० ले पराजित गरेको थियो । चेक गणतन्त्रले भने आफ्नो अर्को खेलमा दक्षिण अफ्रिकासँग प्रतिस्पर्धा गर्नेछ । रासस

# किसान उन्नत जातका धान उत्पादनमा आकर्षित

**पाल्पा ।**
उन्नत जातका धान उत्पादनमा किसानहरुको आकर्षण बढेको छ । निमै, सिमटारी, राइमनुवा, अञ्जना, मन्सुली, थापाचिनी, चाइना, कालानमक, झिनुवा, कृष्णभोग, समुद्रफिनी, मन्सरा, लल्का बासमती, पोखरेली मसिनो अनदीजस्ता स्थानीय जातका धान लोप हुने क्रममा रहेका हुन् ।

बढी फल्ने वर्णशङ्कर (हाइब्रिड) जातका धानको खेतीलाई किसानले प्राथमिकता दिन थालेपछि स्थानीय प्रजातिका उक्त धान विलुप्तोन्मुख हुन गएका हुन् । यहाँस्थित धानका जातमध्येको अनदी धान लोपोन्मुख अवस्थामा पुगेको छ । माडीफाँटाका ५८ वर्षीय किसान छवि थापा ढिकीमा कुटेको अनदी धानको च्युराको स्वाद अझै बिर्सन नसकिने बताउँछन् ।

सानो उमेरमा चुलोमा अनदीको धान भुटेर ढिकीमा कुटेर तयार गरिएको च्युरा खाएको सम्झना अझै ताजा छ, उनले भने, अनदीको च्युरा निकै मिठो हुन्थ्यो, स्कुल जाँदा खल्तीभरि त्यही च्युरा भरेर खाँदै पुग्ने गर्दथ्यौँ, ती दिन अब सम्झनामा मात्रै बाँकी रहे । अर्गेलीका किसान शोभाकर न्यौपानेले अनदीको धान बीउका रूपमा जोगाउन मुस्किल पर्दै गएको बताउँछन् । माथागढी गाउँपालिका कसेनीका किसान दिलबहादुर रानाले एक दशकदेखि बजारबाट हाइब्रिड जातका धानको बीउ खरिद गर्दै आएका छन् । उनी हरेक वर्ष करिब चार हजार बराबरको बीउ खरिद गर्छन् । हाइब्रिड बीउले बढी उत्पादन दिने भएकाले अन्य जात प्रयोग गर्न उनले छोडेका हुन् । बगनासकाली गाउँपालिका नायरका किसान नवराज बस्याल र माथागढी कसेनीकै विष्णु कुँवरको अनुभव पनि उस्तै छ । पहिलेभन्दा धेरै उत्पादन हुन थालेपछि हामीले हाइब्रिड बीउलाई निरन्तरता दिएका छौँ, उनले भने । कृषि ज्ञान केन्द्र पाल्पाका वरिष्ठ बागवानी अधिकृत मनिष पौडेलले स्थानीय समुदायको सक्रिय सहभागिता र सरकारी सहयोगबाट लोपोन्मुख स्थानीय धानलाई पुनर्जीवित गर्न सकिने सम्भावना रहेको बताए । पौडेलको भनाइ । पाल्पामा सात हजार ३९५ हेक्टर क्षेत्रफलमा धानखेती हुने गरेको छ । रासस

# पाल्पामा घरघरमै पुग्यो राहदानी सेवा



**पाल्पा ।**
जिल्ला प्रशासन कार्यालय पाल्पाले सेवाग्राहीको राहदानी जिल्ला हुलाक कार्यालयमार्फत घरघरमा पु¥याउन थालेको छ । सरकारको नीतिअनुसार राहदानी हुलाकमार्फत सेवाग्राहीको घरमै पु¥याउन थालिएको सहायक प्रमुख जिल्ला अधिकारी ऋषिराम सुवेदीले बताए ।
जिल्ला प्रशासन कार्यालय र जिल्ला हुलाक कार्यालयबीच गत वैशाखमा भएको सम्झौतापछि पहिलो चरणमा तीन वटा राहदानी सम्बन्धित सेवाग्राहीको घरमै पुगेर हस्तान्तरण गरिएको छ । तीन वटा राहदानीमध्ये एउटा नवलपरासीपूर्वमा दर्ता भएको रहेको छ । जिल्ला हुलाक कार्यालयका सूचना अधिकारी टङ्क भण्डारी र खरिदार रमेश ढकालसहित गएको जिल्ला हुलाकको टोलीले रम्भा गाउँपालिका–५ का सुमित बाह्रघरे, माथागढी गाउँपालिका–६ का लेखबहादुर गाहा र तानसेन नगरपालिका–१ की दीक्षा खातीको घरमा पुगेर बुधबार राहदानी हस्तान्तरण गरेको हो ।
बाह्रघरे र गाहाले पाल्पामै दर्ता गरेको र खातीले नवलपरासीपूर्वमा दर्ता गरेको राहदानी उनीहरुकै घरमा पुगेर दिइएको सूचना अधिकारी भण्डारीले जानकारी दिए ।
सरकारको सेवा जनताको घरदैलोमै पु¥याउने उद्देश्यअनुसार यो अभियान सुरु गरिएको उनको भनाइ छ । उनले भने, जिल्ला प्रशासन कार्यालयबाट घरदैलोमा नै राहदानी बुझ्ने दर्ता फाराम भरेका सेवाग्राहीको राहदानी जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गरी सम्बन्धित सेवाग्राहीलाई डेलिभरीको सुरुआत गरेका छौँ । जिल्ला सदरमुकामबाट टाढा रहेका सेवाग्राहीहरुले राहदानी लिनका लागि मात्र सदरमुकामसम्म आउनुपर्ने झन्झटबाट मुक्ति मिलेको र समय तथा स्रोतको बचत पनि भएको सूचना अधिकारी भण्डारीको भनाइ छ । उनका अनुसार राहदानीसमेत छिटो आउने गरेको छ । जेठ १५ गते दर्ता गरेका राहदानी १५ दिनमै आएको भण्डारीले बताए ।
घरमै राहदानी आएपछि सेवाग्राही उत्साहित भएका छन् । हुलाकबाट घरमै आएर राहदानी दिएपछि आफूलाई अत्यन्त खुसी लागेको माथागढी गाउँपालिका–६ का लेखबहादुर गाहाले बताए । उनले भने, यस्तो दिन पनि आउला भनेर कल्पन गरेको थिएन, हरेक कागजातका लागि तानसेन नै जानुपथ्र्या, यसले हामीहरुको समयमात्र होइन खर्चसमेत बचत भएको छ । घरमै राहदानी प्राप्त गर्न चाहने सेवाग्राहीले हुलाक शुल्क स्वरूप रु ५५ बराबरको टिकट खर्च व्यहोर्नुपर्ने व्यवस्था गरिएको छ । ग्रामीण क्षेत्रका नागरिक, ज्येष्ठ नागरिक, महिला, विद्यार्थी तथा वैदेशिक रोजगारीका लागि तयारीमा रहेका सेवाग्राहीका लागि यो कार्य उपयोगी हुने सहायक प्रमुख जिल्ला अधिकारी सुवेदीले बताए ।
उनका अनुसार जिल्ला प्रशासन कार्यालयबाट जिल्ला हुलाक कार्यालयमा राहदानी पठाएपछि सेवाग्राहीको ठेगानाअनुसार नजिकको हुलाक कार्यालयमा पठाइन्छ । हुलाक कर्मचारीमार्फत घरमै राहदानी पु¥याइने व्यवस्था गरिएको छ । मन्त्रिपरिषद्को २०८२ चैत १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एकसय कार्यसूचीअन्तर्गत बुँदा नम्बर २७ अनुसार सरकारी सेवा घरमै उपलब्ध गराउने उद्देश्यले हुलाक सेवालाई आधुनिकीकरण गरी ‘गोभरमेन्ट कुरियर सर्भिस’का रुपमा विकास गर्ने, जसमार्फत पासपोर्ट, नागरिकता प्रतिलिपि, लाइसेन्स सरकारी कागजात घरमै पु¥याउने व्यवस्थाअनुसार पाल्पामा पनि सेवा सुरु गरिएको हो । रासस

# हेटौँडाको दृश्यावलोकन र हाइकिङका कारण रोजाइमा मनकामना क्षेत्र

**बागमती ।**
हेटौँडाको व्यस्त बजारबाट करिब पाँच÷छ किलोमिटर उत्तरपूर्वमा अवस्थित मनकामना मन्दिर र आसपासको रमणीय परिवेशले यहाँ आउने जो–कोहीलाई लोभ्याउने गरेको छ । हेटौँडाको गर्मी छल्दै छोटो दूरीमा चिसो हावा खाँदै एकसाथ हेटौँडा बजारको दृश्यावलोकनसँगै मनकामना देविको दर्शनका लागि यहाँ मानिसहरूको भीड लाग्ने गरेको छ ।
धार्मिक महत्त्वको मनकामना मन्दिर, जाने मार्गको मुख्य चोकमा बनाइएको ठेकी पार्क, केहीपर रहेको मकवानपुरगढी, यहाँबाट देखिने हेटौँडा बजारको रमणीय दृश्य आदिका कारण पनि यस क्षेत्रकै महिमा र गरिमा बढाएको छ । मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिका–४ मा पर्ने मनकामना मन्दिर र आसपासको क्षेत्र आफैँमा सुन्दर हरियालीयुक्त डाँडामा रहेको र यहाँबाट एकसाथ देखिने हेटौँडा बजार र आसपासका पहाडी भू–दृश्यले स्वदेशी एवं विदेशी पर्यटकलाई लोभ्याउने गरेको स्थानीयवासी एवं भूपू सैनिक ‘हाइजेनिक’ हाइटका सञ्चालक पदमनाथ सापकोटाले बताए ।
हेटौँडाबाट बिहान र बेलुकाको समयमा यहाँ ‘हाइकिङ’ गर्दै आउनेहरूको संख्या पनि दिनानुदिन बढिरहेको छ, उनले भने, यस क्षेत्रमा बढ्दो पर्यटकीय आकर्षणलाई दृष्टिगत गरी उनीहरूको सुविधालाई लक्षित गरी हामीले विगत सात वर्षयता भूपू सैनिक हाइजेनिक हाइट सञ्चालन गर्दै आएका छौँ । आफूहरूको भूपू सैनिक ‘हाइजेनिक हाइट’मा पर्यटकको इच्छाअनुसार खाना तथा खाजा खुवाउने गरिएको उनले जानकारी दिए । पछिल्ला समयमा यस क्षेत्रमा पर्यटकलाई लक्षित गरी होटेल तथा रेष्टुरेन्ट थप्रेक्रम बढिरहेको छ । विशेषगरी बिदाको समयमा ठूलै सङ्ख्यामा आन्तरिक पर्यटक यस क्षेत्रमा आउने गरेका छन् ।
अर्का स्थानीयवासी गोपीकृष्ण सापकोटाका अनुसार यहाँस्थित मनकामना मन्दिरमा गोरखाको मनकामना मन्दिरमा जस्तै श्रद्धा भक्तिपूर्वका पूजाआजा गर्ने गरिन्छ । गोरखा मनकामनाको बहिनीका रूपमा लिइने यस मन्दिरको स्वरूप गोरखाकै मनकामना मन्दिरसँग मिल्दो रहेको उनले जानकारी दिए । यो मन्दिर २०१६ मा स्थापना गरेको पाइन्छ । सुरुमा काठको मन्दिर रहेकामा २०३७÷३८ सालतिर यहाँका गाउँलेले नजिकैको मकानचुली गएर इँटा बोकर ल्याई निर्माण गरिएको उनले जानकारी दिए । मनले चिताएको पुग्ने विश्वासका साथ हेटौँडा र आसपासका क्षेत्रबाट यहाँ दर्शनार्थी आउने गरेको उनले जानकारी दिए ।
यो क्षेत्र ऐतिहासिक मकवानपुरगढी (जुन सेन राजाहरूको दरबार र ऐतिहासिक किल्ला हो) सँगै जोडिएको हुनाले यसको ऐतिहासिक महत्त्व रहेको छ । सेनकालीन समयदेखि नै मनकामना मन्दिरलाई महत्त्वपूर्ण शक्तिपीठको रूपमा पूजाआजा गर्दिँदै आइएको छ । सहरको कोलाहल एवं व्यस्त जीवनका बीच थोरै समय मिलाएर शारीरिक र मानसिक शान्तिका लागि आउन सकिने शान्त र शीतल गन्तव्यका रूपमा यसले पहिचान बढाएको छ । पछिल्ला समयमा वनभोजसँगै छोटो दूरीको पदयात्रा हाइकिङका लागि पर्यटक यस स्थानमा आउने गरेको सापकोटाले जानकारी दिए । पर्यटको बढ्दो आगमनसँगै विभिन्न होटेल तथा अन्य पूर्वाधार विकासका काम पनि तीव्र रूपमा बढ्दै गएको उनले बताए ।
मनकामना मन्दिरको दर्शन गर्न आउने पर्यटक यहाँबाट केही पर रहेको ऐतिहासिक मकवानपुरगढीको भग्नावशेष, पुरानो दरबार क्षेत्र र गढीको अवलोकन गर्न जाने गरेका छन् । यस क्षेत्रमा हेटौँडा बजारको बुद्धचोकबाट मोटरसाइकल, गाडी वा अन्य स्थानीय यातायातका साधन प्रयोग गरेर सजिलै आउन सकिन्छ । हेटौँडाको मुख्य बजार क्षेत्रबाट एक घण्टाको पैदल यात्रामा नै पुगिने भएका कारण पनि छोटो दूरीको पदयात्रा गर्न चाहनेका लागि पनि यो गन्तव्य रोजाइमा पर्ने गरेको छ ।
यसअघि २०७६ सालमा मकवानपुर जिल्लाका ३० वटा पर्यटकीय गन्तव्य पहिचान गरिएको थियो । जिल्लाका १० वटा पालिकाका तीन÷तीन वटा पर्यटकीयस्थल पहिचान गरी पर्यटकीय गन्तव्य निर्धारण गरिएकामा मकवानपुरगढी गाउँपालिकाका ऐतिहासिक महत्व बोकेका मकवानपुरगढी दरबार क्षेत्र, मनकामना मन्दिर र सहिद रुद्रबाटिका पार्कलाई पर्यटकीय गन्तव्यका समेटिएको थियो ।
पूर्वाधार विकासमा जोड
मनकामना क्षेत्रको पर्यटकीय सम्भावनालाई उजागर गर्न यहाँको स्थानीय तहसँगै प्रदेश सरकारले पनि चासो देखाएको छ । एक बिघा जग्गा क्षेत्रफलमा समेटिएको मन्दिरको संरक्षणका लागि बागमती प्रदेश सरकारको १३ लाख ५० हजार लागत सहयोगमा पर्खाल निर्माणलगायत काम भइरहेको मकवानपुरगढी गाउँपालिका वडा नं ४ का वडाध्यक्ष अर्जुन तिमल्सिनाले जानकारी दिए । रासस

# पुराना काठ व्यवस्थापन गर्दै डिभिजन वन कार्यालय



**चितवन ।**
डिभिजन वन कार्यालय, चितवनले राष्ट्रिय वन क्षेत्रमा रहेका पाँच वर्ष पुराना पाँच हजार २०० क्युबिक फिट सालका काठ व्यवस्थापनको काम सुरु गरेको छ ।
वन ऐन तेस्रो संशोधन, २०७९ ले सालका काठ पाँच वर्ष पुराना, सिसौ दुई वर्ष पुराना र अन्य काठ एक वर्ष पुरानालाई व्यवस्थापन गर्न सकिने अधिकार दिएपछि कार्यालयले पाँच वर्ष पुराना काठ व्यवस्थापनको काम सुरु गरेको कार्यालयका प्रमुख विष्णुप्रसाद आचार्यले बताए ।
सतनचुली सामुदायिक वन र चुम्लिङटारमा रहेका उक्त ‘ए’ ग्रेडका काठबाट प्रतिक्युबिक फिट एक हजारदेखि एक हजार २५० सम्म राजस्व सङ्कलन हुनेछ । रासस

# अग्निपीडित परिवारलाई दुई लाख सहयोग

**दाङ ।**
तुलसीपुर उपमहानगरपालिकाले आगलागीको घटनामा परी ज्यान गुमाएका दुई जनाका परिवारलाई विपद् राहत कोषबाट जनही रु दुई लाख राहत उपलब्ध गराउने निर्णय भएको छ । उपमहानगरपालिकाको ४८औँ कार्यपालिका बैठकले अग्निपीडित परिवारलाई उक्त रकम प्रदान गर्ने निर्णय गरेको प्रमुख प्रशासकीय अधिकृत केशवराज पार्धेले जानकारी दिए ।
गत पुस २८ गते आगलागीमा परी ज्यान गुमाएकी तुलसीपुर–१ भमके निवासी ७६ वर्षीया रिमा देवकोटाको परिवार र गत चैत १२ गते आगलागी घटनामा परी ज्यान गुमाएकी तुलसीपुर–७ मोतीपुर निवासी ७२ वर्षीया गुमीकुमारी पौडेलको परिवारलाई जनही रु दुई लाख राहत उपलब्ध गराउने निर्णय भएको हो । नगर प्रमुख टीकाराम खड्काको अध्यक्षतामा बिहीबार बसेको बैठकले सो निर्णय गरेको उपमहानगरपालिकाले जनाएको छ । बैठकले केही समयअघि परेको असिनापानीका कारण उपमहानगरपालिका क्षेत्रभित्र तरकारीखेतीमा क्षति बेहोरेका किसानलाई राहत प्रदान गर्ने निर्णय गरेको छ ।
यसैबीच, तुलसीपुर उपमहानगरपालिकामा दमकल (बारुण यन्त्र) नहुँदा समस्या हुने गरेको छ । पालिकामा रहेको दमकल ‘जेनजी’ आन्दोलनका क्रममा क्षति पुगेको थियो । बढ्दो गर्मीसँगै उपमहानगरपालिकामा आगलागीका घटना बढिरहेका छन् । केही समयअघि तुलसीपुरका दोघरेस्थित पार्किङ क्षेत्रमा राखिएको बसमा आगलागी हुँदा ठूलो क्षति बेहोर्नु परेको थियो । रासस


| | Effective from 01 Asadh 2083 (15th June 2026) | | | |
|---|---|---|---|---|
| | INTEREST RATE | | | |
| | Deposit | | | |
| A. | Saving Deposit | Minimum Balance | % Per Annum | |
| 1 | Corporate Saving Account | 100.00 | 3.10% | |
| 2 | Corporate Nari Bachat Khata | 1,000.00 | 3.25% | |
| 3 | Corporate Senior Saving | 1,000.00 | 3.20% | |
| 4 | Corporate Student Saving | 100.00 | 3.20% | |
| 5 | Corporate Bal Bachat | 1,000.00 | 3.20% | |
| 6 | Corporate Higher Saving | 5,000.00 | 3.50% | |
| 7 | Corporate Fast Track | 10,000.00 | 3.75% | |
| 8 | Corporate Patron | 15,000.00 | 3.90% | |
| 9 | Super Corporate Saving | 25,000.00 | 4.10% | |
| 10 | Corporate Golden Saving | 50,000.00 | 4.50% | |
| 11 | Staff Saving Account | - | 4.50% | |
| 12 | Social Security Account | - | 3.05% | |
| 13 | Call Account upto | - | 1.55% | |
| B. | Recurring Account | | | |
| 1 | 3 Year Corporate Recurring | 1,000.00 | 4.50% | |
| 2 | 5 Year Corporate Recurring | 1,000.00 | 4.75% | |
| 3 | Above 5 Years Recurring | 100,000.00 | 5.25% | |
| 4 | Corporate Fixed Return | 100,000.00 | 5.25% | |
| 5 | Corporate Fifty Fixed | 100,000.00 | 4.75% | |
| C. | Fixed Deposit | | *Individual Minimum 3 Months* | *Corporate Minimum 6 Months* |
| 1 | 3 Months | - | 4.25% | |
| 2 | 6 Months | - | 4.50% | 3.25% |
| 3 | 1 Year | - | 5.00% | 3.75% |
| 4 | Above 1 Year To 2 Years | - | 5.25% | 4.00% |
| 5 | Above 2 Years To 3 Years | - | 5.75% | 4.75% |
| 6 | Above 3 Years To 5 Years | | 6.00% | 5.00% |
| 7 | Above 5 Years | | 6.25% | 5.25% |
| 8 | Special Fixed Deposit for 10 Months | 1,000,000.00 | 5.50% | 4.25% |
| | Loan and Advances | | | |
| D. | Loan and Advances | Premium Over Base Rate (% p.a.) | | |
| 1 | Business Loan | 1.00% to 3.00% | | |
| 2 | Industrial Loan | 1.00% to 3.00% | | |
| 3 | Home Loan | 1.00% to 3.00% | | |
| 4 | Vehicle Loan/Auto Loan | 1.50% to 3.50% | | |
| 5 | Education Loan | 1.00% to 3.00% | | |
| 6 | Personal Overdraft | 1.50% to 3.50% | | |
| 7 | Term Loan | 1.50% to 3.50% | | |
| 8 | Agriculture Loan | Up to 2.00% | | |
| 9 | Prime Loan | 0.75% to 2.75% | | |
| E. | Deprived Sector | | | |
| 1 | Deprived Sector Loan (Institutional) | Up to 2.00% | | |
| 2 | Deprived Sector Loan (Personal) | Up to 3.00% | | |
| 3 | DLS Auto Loan/Low-Cost Housing/others | Up to 3.00% | | |
| | Other Loan | Up to 5.00% | | |
| | Loan Against Fixed Deposit | Coupon Rate + 2% or Base Rate (Whichever is higher) | | |
| F. | Fixed Interest Rate on Term Loan upto 15 Years | Base Rate+4.50% | | |
| | Average Base Rate | 8.36% | | |

Corporate Development Bank Lt
कर्पोरेट डेभलपमेन्ट बैंक लि
first choice - financial frier
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

**Head Office:** GeetaMandir Road, BirgunjParsa.
**Tel. No:** 051-531031/527845
**Branches:** Buspark (Bypass)-Birgunj, Dryport (Sirsiya)-Birgunj, Tedha Road-Chorni (Parsa)- (Jeetpur), Barahathawa (Sarlahi), Bardibas (Mahottari)


# विजयसाल सामुदायिक होमस्टेमा पञ्चधातुको मूर्ति स्थापना गरिने

**कञ्चनपुर ।**
थारू समुदायको पीडा, सङ्घर्ष र मुक्तिको इतिहासलाई जीवन्त बनाउँदै पर्यापर्यटन प्रवद्र्धन गर्ने उद्देश्यले कञ्चनपुरको कृष्णपुर नगरपालिका–२ बाणीस्थित विजयसाल सामुदायिक घरबास (होमस्टे)मा पञ्चधातुको मूर्ति स्थापना गरिने भएको छ ।



मुक्त कमैया महिलाको जीवन सङ्घर्ष झल्किने मूर्तिले थारू समुदायका मुक्त कमैया समुदायको इतिहास संरक्षणसँगै पर्यटक आकर्षण बढाउने अपेक्षा गरिएको छ । सुदूरपश्चिम प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको रु ३५ लाख लागतमा सुन, चाँदी, तामा, पित्तल र फलाम मिसाएर पञ्चधातुको मूर्ति निर्माण गर्न लागिएको हो । होमस्टे परिसरमा स्थापना गरिने उक्त मूर्तिले जमिन्दारी प्रथाका बेला कमैया महिलाले भोग्नुपरेको कठिन जीवन र त्यसबाट प्राप्त मुक्तिको सन्देश प्रस्तुत गर्नेछ ।
विजयसाल होमस्टे सञ्चालक समितिका अध्यक्ष परदेशनीकुमारी डगौराले मूर्ति निर्माणको कामको ठेक्कामार्फत ललितपुरमा भइरहेको जानकारी दिए । मूर्ति निर्माणको ८० प्रतिशत काम सम्पन्न भइसकेको उनले जानकारी दिए । हामीले जमिन्दारको घरमा श्रम गर्न बाध्य मुक्त कमैया महिलाको अवस्थालाई झल्काउने पूर्णकदको मूर्ति स्थापना गर्न लागेका हौँ, उनले भने, यसले नयाँ पुस्तालाई विगतको इतिहास बुझ्न र मुक्त कमैया आन्दोलनको महत्वबारे जानकारी दिन सहयोग पुग्नेछ । मूर्ति राख्नका लागि करिब रु पाँच लाखको लागतमा फाउन्डेसन निर्माणको काम भइरहेको उनले बताए । असार मसान्तभित्र निर्माण तथा स्थापना कार्य सम्पन्न गर्ने लक्ष्य राखिएको छ । थारू समुदायको मौलिक संस्कृति, रहनसहन र परम्परालाई संरक्षण गर्दै सञ्चालनमा रहेको विजयसाल होमस्टे अहिले पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको छ । यहाँ स्वदेशी तथा विदेशी पर्यटकले थारू समुदायका मौलिक परिकार, सांस्कृतिक प्रस्तुति र ग्रामीण जीवनशैलीको अनुभव लिन पाउने व्यवस्था छ । हाल छवटा घरमा सञ्चालन भइरहेको होमस्टे व्यवसायमा आबद्ध प्रतिपरिवारले मासिक ३० देखि रु ३५ हजारसम्म आम्दानी गर्दै आएका छन् । होमस्टे सञ्चालकका अनुसार पछिल्ला वर्षहरूमा आन्तरिक पर्यटकको आगमन बढ्दै गएको छ भने विदेशी पर्यटक पनि थारू संस्कृति नजिकबाट बुझ्न यहाँ पुग्ने गरेका छन् ।
‘बस्तीका अगुवा शोभा खुनाले मूर्ति स्थापनापछि होमस्टेको पहिचान अझ फराकिलो हुने विश्वास व्यक्त गरे । मूर्ति बनेपछि पर्यटकले यहाँ बस्नेमात्र होइन, मुक्त कमैयाको इतिहास पनि बुझ्न पाउनेछन्’, उनले भने, ‘हाम्रा पुर्खाले भोगेको दुःख, सङ्घर्ष र मुक्तिको यात्रालाई पुस्तान्तरण गर्न यो मूर्ति महत्त्वपूर्ण माध्यम बन्नेछ । उनका अनुसार मूर्तिले बस्तीको सांस्कृतिक तथा ऐतिहासिक महत्व उजागर गर्नुका साथै स्थानीय युवापुस्तालाई आफ्नो इतिहासप्रति गर्व गर्न प्रेरित गर्नेछ ।
पर्यटनसँगै इतिहास र संस्कृतिलाई जोड्ने उद्देश्यले निर्माण हुन लागेको उक्त मूर्तिले विजयसाल होमस्टेलाई नयाँ पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । रासस

जि.प्र.का. पर्सा दर्ता नं. ३११-०७९/८०
जि.हु.का. पर्सा दर्ता नं. १९८-०८०/८१


# रास्वपाका नेता कार्यकर्ता अब संयम र अनुशासनमा बाँधिनुपर्छः महामन्त्री




**कास्की ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का महामन्त्री कविन्द्र बुर्लाकोटीले पार्टीका सबै तहका नेता तथा कार्यकर्ताहरू अब संयम, जिम्मेवार र अनुशासित हुनुपर्ने बताएका छन् ।

रास्वपा गण्डकी प्रदेश समितिको प्रथम अधिवेशनको शुक्रबार पोखरामा उद्घाटन गर्दै उनले पार्टी स्थापनाको चार वर्षको छोटो समयमा पार्टीको काँधमा देश निर्माणको महत्त्वपूर्ण जिम्मेवारी रहेकाले पार्टी पङ्क्तिसमेत अनुशासित हुनुपर्ने उनको भनाइ छ ।

'अधिवेशनहरूले नीति र नेतृत्वमा खार्दै लैजान्छ । हामीलाई पनि महाधिवेशनको चटारो छ, हामी बृहत्तर पार्टी निर्माणमा लागेका छौँ र आफैँलाई कसी लगाउनुपर्ने ठाउँमा आएका छौँ । एकबखत हामी धेरै भोकाएका थियौँ, अहिले मोटाएका छौँ, अब हामीले धेरै चिजहरूमा संयम हुनुपर्दछ । हामी संयम हुन सक्यौँ भने पार्टी कमजोर हुँदैन,' महामन्त्री बुर्लाकोटीले भने ।

उनले कुनै एक व्यक्तिका लागि पार्टी स्थापना गरेर पद सृजना नगरिएको भन्दै रास्वपा यो देशका सबै नेपाली नागरिकका लागि भएको र देश निर्माण गरिछाड्ने उल्लेख गरे । बुर्लाकोटीले भने, 'हामी सबैको योगदानका कारण पार्र्टी बनेको हो, हाम्रो राजनीतिक भविष्य खोज्नका लागि पार्टीमा जोडिएको होइन, देशको भविष्य निर्माण गर्न रास्वपामा जोडिएका हौँ, त्यसैले सबै जना तोकिएको जिम्मेवारीमा बस्नुपर्छ ।'

उनले इमानदार कार्यकर्ताका लागि पार्टीले जहिले पनि जिम्मेवारी दिने भएकाले अधिवशेनबाट जिम्मेवारी नपाउने इमानदर र योग्य व्यक्तिलाई विधि बनाएर काम दिइने स्पष्ट पारे ।

रास्वपा संसदीय दलका उपनेता गणेश पराजुलीले पार्टी र सरकारमा अहिले कुनै पनि समस्या नरहेको बताए । पार्टी सभापति रवि लामिछानेले पार्टी सङ्गठन र वरिष्ठ नेतासमेत रहेका प्रधानमन्त्री वालेन्द्र शाहले राजकीय जिम्मेवारी सञ्चालन गर्नेगरी दुई नेताका बीचमा जिम्मेवारी बाँडफाँट गरिएको उनले बताए । पराजुलीले रास्वपाको लामो राजनीतिक अभ्यास र अनुभव नभए पनि पार्टी राष्ट्र निर्माणको अभियानमा लागेको बताए ।

प्रतिनिधिसभाका सांसदसमेत रहनुभएका पार्टी सचिवालय सदस्य सागर ढकालले देशलाई कसरी कायापलट गर्ने भन्ने मूल उद्देश्य पार्टी गठनको रहेकाले अन्य पद र जिम्मेवारीलाई ठूलो नमान्न आग्रह गरे ।

पार्टीका प्रदेश सभापति राजन गौतमले अधिवेशनमा सर्वसम्मत नेतृत्व चयन पहिलो प्राथमिकता रहेको बताए । उनले गण्डकीका ६४ पालिका र ५ सय ५५ वडा तथा नौ जिल्लाको अधिवेशन सम्पन्न भएको जानकारी दिए । महाधिवेशनमा ७ सय ३५ जना प्रतिनिधि सहभागी रहेका छन् । अधिवेशनबाट नयाँ नेतृत्व चयनको कार्यतालिका छ ।

# जनमत पार्टीको राष्ट्रिय महाधिवेशन मङ्सिर ८ र ९ मा हुने




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनमत पार्टीले मङ्सिर ८ र ९ गते राष्ट्रिय महाधिवेशन आयोजना गर्ने निर्णय गरेको छ । तीन दिनसम्म चलेको केन्द्रीय समितिको बैठकले महाधिवेशनको मिति तय गरेको हो भने आयोजनास्थल भने अझै निर्धारण हुन बाँकी रहेको जनाएको छ । पार्टीका उपाध्यक्ष नरेन्द्र चौधरी का अनुसार बैठकले महाधिवेशनको तयारीलाई व्यवस्थित र प्रभावकारी बनाउने तथा संगठन सुदृढीकरणका विषयमा समेत विस्तृत छलफल गरेको छ । बैठकमा हालै सम्पन्न उपनिर्वाचनको समीक्षा पनि गरिएको थियो । उपनिर्वाचनमा पार्टीले अपेक्षित सफलता हासिल गर्न नसकेको विषयमा विभिन्न कोणबाट विश्लेषण गरिएको जनाइएको छ ।

उपाध्यक्ष चौधरीले स्वतन्त्र उम्मेदवारहरूको बढ्दो प्रभाव, विशेषगरी 'बालेन फ्याक्टर', तथा समसामयिक राजनीतिक र सामाजिक परिस्थितिले निर्वाचन परिणाममा प्रभाव पारेको निष्कर्ष बैठकले निकालेको बताए । जनतामा नयाँ राजनीतिक विकल्पप्रतिको आकर्षण बढ्दै जाँदा परम्परागत दलहरूले अपेक्षा अनुसार मत प्राप्त गर्न नसकेको समीक्षा गरिएको उनको भनाइ छ ।

बैठकले पार्टीभित्रका केही संगठनात्मक कमजोरी र आन्तरिक व्यवस्थापनका पक्षहरूलाई पनि निर्वाचनमा कमजोर प्रदर्शनको कारणका रूपमा औंल्याएको छ । ती पक्षहरू सुधार गर्दै संगठनलाई थप प्रभावकारी बनाउने दिशामा काम गर्ने निर्णय गरिएको बताइएको छ । देशका विभिन्न जिल्लाबाट सहभागी प्रतिनिधिहरूले बैठकमा जिल्लागत प्रतिवेदन प्रस्तुत गर्दै संगठन विस्तार, जनसम्पर्क अभिवृद्धि र पार्टी सुदृढीकरणका लागि सुझाव दिएका थिए । ती सुझावका आधारमा आगामी कार्ययोजना र रणनीति तय गरिने पार्टीले जनाएको छ । यससँगै बैठकले पार्टीको विधान संशोधन प्रक्रिया अगाडि बढाउने निर्णय पनि गरेको छ ।विधान परिमार्जनका लागि पार्टीका विभिन्न तहका नेता–कार्यकर्ता तथा सरोकारवालासँग व्यापक परामर्श गरिने उपाध्यक्ष चौधरीले जानकारी दिए ।

# थुनुवा कक्षबाट फरार ९ अभियुक्तलाई एक वर्ष कैद सजाय




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जिल्ला प्रहरी कार्यालय धनुषाको थुनुवा कक्षबाट फरार भएका ९ जना अभियुक्तलाई धनुषा जिल्ला अदालतले एक वर्ष कैद सजाय सुनाएको छ ।

जिल्ला अदालत धनुषाका न्यायाधीश शुभाषबाबु पुरीको इजलासले शुक्रबार थुनुवा कक्षबाट भागेको कसुरमा दोषी ठहर गर्दै एक नाबालकसहित ९ जनालाई एक वर्ष कैद सजायको फैसला गरेको हो ।

लामो समयसम्म चलेको सुनुवाइपछि २९औँ पेशीमा अदालतले अन्तिम निर्णय सुनाएको जनाएको छ । अदालतका श्रेस्तेदार दिपक पोखरेलका अनुसार थुनुवा कक्ष फोडेर फरार भएको अभियोग पुष्टि भएकाले सबै प्रतिवादीलाई समान रूपमा एक वर्ष कैद सजाय निर्धारण गरिएको हो ।

उनले अभियुक्तहरूमाथि यसअघि दर्ता भएका अन्य मुद्दाहरू भने अलग–अलग प्रकृतिका रहेकाले ती सम्बन्धमा सम्बन्धित अभियोगअनुसार छुट्टै फैसला भइसकेको जानकारी दिए ।

उक्त घटना २०८१ साल असोज ६ गते राति भएको थियो । धनुषा प्रहरीको हिरासतमा रहेका थुनुवाहरूले शौचालयको भेन्टिलेसन तोडेर फरार भएका थिए । घटनापछि प्रहरीले तीव्र खोजतलास अभियान सञ्चालन गरी असोज ८ गतेभित्रै सबै फरार अभियुक्तलाई पुनः नियन्त्रणमा लिएको थियो ।

फरार हुनेहरूमा धनुषाका विभिन्न स्थानीय तहका बासिन्दासहित सिरहाका एक अभियुक्त पनि रहेका थिए । उनीहरूविरुद्ध थुनुवा कक्षबाट भागेको अभियोगमा मुद्दा दायर गरिएको थियो ।

अदालतको पछिल्लो फैसलासँगै करिब डेढ वर्षअघि भएको उक्त फरार प्रकरणको कानुनी प्रक्रिया टुंगोमा पुगेको छ ।


नेपालकै दोस्रो घरबास घलेगाउँः लमजुङको क्व्होलासोथर गाउँपालिका–३ स्थित नेपालकै दोस्रो घरबास गाउँ घलेगाउँ । विसं २०५७ बाट सन्मुचलित यस गाउँ मुलुककै पहिलो स्मार्ट भिलेज, खुसी गाउँ र दक्षिण एसियाकै नमुना गाउँको रुपमा समेत परिचित छ । तस्बिरः जनक श्रेष्ठ

# नागरिक केन्द्रित सेवा प्रवाह प्राथमिकतामा राख्न निर्देशन

**काठमाडौँ ।**
नेपाल प्रहरीका प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले नागरिककेन्द्रित सेवाप्रवाहलाई प्राथमिकतामा राखी प्रहरी कर्मचारीहरूले बोली, बचन र व्यवहारमा सुधार गरी अनुशासित एवं कर्तव्यनिष्ट भई उच्च व्यावसायिकता प्रदर्शन गर्दै आफूलाई प्राप्त जिम्मेवारी वहन गर्न निर्देशन दिएका छन् ।

हालै सरूवा भई आआफ्नो कार्यक्षेत्रमा खटि जान लागेका प्रहरी निरीक्षकहरूलाई शुक्रबार प्रहरी प्रधान कार्यालयमा निर्देशन सम्बोधनका क्रममा उपलब्धिपूर्ण एवं उत्कृष्ट कार्य सफलताको शुभकामना दिँदै उनले निर्देशन दिए ।

प्रहरी महानिरीक्षक कार्कीले आआफ्नो क्षेत्रमा देखापर्न सक्ने सुरक्षा चुनौतीको विश्लेषण गरी सोहीअनुरूप सुरक्षा योजना अवलम्बन गर्नुपर्ने उल्लेख गर्दै नेपालको संविधान, ऐन, कानुनले निर्दिष्ट गरेको जिम्मेवारी पूर्ण निष्ठावान रही वहन गर्न निर्देशन दिए ।

उनले सूचना सङ्कलनलाई प्रमुख प्राथमिकतामा राखी समाजमा शान्ति, सुव्यवस्था कायम गर्न जनशक्तिको प्रभावकारी व्यवस्थापन एवं परिचालन गर्नुपर्ने बताए । महानिरीक्षक कार्कीले व्यक्तिगत स्वार्थभन्दा साङ्गठनिक स्वार्थलाई केन्द्रबिन्दुमा राखेर सङ्गठनको नीति निर्देशनको प्रभावकारी कार्यान्वयन गर्दै सङ्गठनको साख वृद्धि हुनेगरी कार्यसम्पादन गर्नुपर्ने बताए ।

सम्पूर्ण प्रहरी कर्मचारीहरूले पारदर्शी, काननुनसम्मत र विभेदरहित ढङ्गले आआफ्नो जिम्मेवारी वहन गर्दै नागरिकको अपेक्षाअनुरूप सेवा प्रवाहमा कटिबद्ध हुनसमेत उनले निर्देशन दिए ।

यसअघि नेपाल प्रहरी प्रधान कार्यालय मानवस्रोत विकास विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारी, कार्य विभागका प्रहरी नायब महानिरीक्षक अरूण पौडेल र अपराध अनुसन्धान विभागका प्रहरी नायब महानिरीक्षक सानुराम भट्टराईले समेत सरुवा भई जान लागेका प्रहरी अधिकृतहरूलाई आगामी कार्यदिशा एवं समसामयिक विषयमा निर्देशन दिएका थिए ।

# मन्त्री चौधरी र चिनियाँ राजदूत माओमिङबीच शिष्टाचार भेटवार्ता

**काठमाडौँ ।**
कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीसँग नेपालका लागि चिनियाँ राजदूत झाङ माओमिङले शुक्रबार मन्त्रालयमा शिष्टाचार भेटवार्ता गरेका छन् । भेटवार्तामा नेपाल–चीनबीच कृषि, पशुपन्छी, मत्स्य, वन तथा वातावरण क्षेत्रको सहकार्यलाई थप सुदृढ बनाउने विषयमा विस्तृत छलफल भएको थियो । उनीहरुबीच कृषि आधुनिकीकरण तथा यान्त्रिकीकरण, द्विपक्षीय सम्झौताहरूको कार्यान्वयन, कृषि व्यापार प्रवद्र्धन, रोग नियन्त्रण, प्रविधि हस्तान्तरण, प्राविधिक सहयोगलगायत विषयमा समेत छलफल भएको उनको सचिवालयले जनाएको छ ।



मन्त्री चौधरीले उच्च मूल्यका नेपाली कृषि उत्पादनहरूको चिनियाँ बजारमा पहुँच विस्तार गर्न आवश्यक रहेको उल्लेख गर्दै यसका लागि चीन सरकारको सहयोगको अपेक्षा गरिन् । साथै ताप्लेजुङको सीमावर्ती क्षेत्रमा याक तथा चौँरीको आवागमनसँग सम्बन्धित समस्या समाधानका लागि चिनियाँ पक्षको सहयोग आवश्यक रहेको उनले बताइन् ।

भेटमा चिनियाँ राजदूत माओमिङले नेपालको आर्थिक विकासमा चीनको निरन्तर सहयोग रहने प्रतिबद्धता व्यक्त गर्दै कृषि, वन, जलवायु परिवर्तन अनुकूलन, प्रविधि हस्तान्तरण, लगानी प्रवद्र्धन तथा मानव स्रोत विकासका क्षेत्रमा सहकार्य थप विस्तार गर्न चीन तयार रहेको बताए ।

# पंखुखोलामा आएको बाढीले दिक्तेल–चखेवाभञ्ज्याङ सडक अवरुद्ध

**खोटाङ ।**
दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका–८ बुवालुङस्थित पंखुखोलामा बुधबार राति आएको बाढीले सडक बगाउँदा दिक्तेल–चखेवाभञ्ज्याङ सडक तीन दिनदेखि अवरुद्ध भएको छ । मध्यपहाडी लोकमार्गअन्तर्गत दिक्तेल–चखेवाभञ्ज्याङ खण्डमा माथिबाट झरेको पहिरोसहितको बाढीले करिब ५० मिटर सडक बगाएपछि तीन दिनदेखि यातायात आवागमन अवरुद्ध भएको हो ।

मोटरेबल पक्की पुल निर्माणाधीन अवस्थामा रहेको पङ्खुखोलामा सडकमाथिबाट आएको बाढीले खोलेर ठूलो खाडल बनाएपछि पैदल यात्रुसमेत वारपार गर्न सक्ने अवस्था नभएको स्थानीय बताउँछन् ।

लेदोसहितको बाढीले सडक बन्नुअघि नै क्षति पुर्याएपछि अवरुद्ध बनेको थियो । पहिरो पन्छाएर सडक पुनःसञ्चालनमा ल्याउन समय लाग्ने जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी निरीक्षक राजु विष्टले जानकारी दिए ।



सडक अवरुद्ध भएपछि भोजपुरबाट दिक्तेल हुँदै काठमाडौँ तथा काठमाडौँबाट दिक्तेल हुँदै भोजपुरतर्फ जाने सवारीसाधन र यात्रुलाई समस्या भएको छ । अवरुद्ध सडक सञ्चालनमा ल्याउन मध्यपहाडी लोकमार्ग र सडक विभागका प्राविधिक टोली बिहीबार घटनास्थल पुगेर फर्किएका प्रहरी निरीक्षक विष्टले बताए । सडकमाथिबाट लेदोसहित आएको बाढीले बगाएर सडक बन्नुभन्दा अगाडि जस्तो थियो त्यस्तै अवस्थामा पुर्याएको उनको भनाइ छ ।

बाढीले खोलेर चट्टानसहितको भीर बनाएकाले निर्माण गर्न 'ब्रेकर'ले पनि सम्भव नहुने देखिएको स्थानीयले बताएका छन् । 'ग्याबिन जाली भरेर तलैदेखि निकाल्यो भनेमात्र केही दिनमा सडक बन्न सक्ने सम्भावना छ,' दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका–९ निर्मलीडाँडाका

*बाँकी पृष्ठ ३ मा*

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन